म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ८७ बिहीबार २२ कात्तिक २०८१ ने. सं. ११४५ कछलाथ्व 7 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बचत गरौं, उद्यमशील बनौं**

बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं
☞ आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
☞ त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न,
☞ व्यापार व्यवसाय प्रारम्भ गर्न,
☞ सन्ततिका लागी शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न,
☞ स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ ।
त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रदेश सरकारको राजश्व लक्ष भेट्टाउन मुस्किल

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा अनुमानको १० प्रतिशत मात्र राजस्व संकलन गरेको छ । प्रदेशले चालु आर्थिक वर्षमा ६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएको थियो ।

प्रदेश सरकारका विभिन्न निकायले आन्तरिक आय र बाह्य स्रोतबाट संकलित राजस्व आर्थिक वर्षको सुरुवाती ३ महिनामा १० प्रतिशत मात्र रहेको हो । आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार चालु आव २०८१/८२ को भदौ मसान्तसम्म २ अर्ब ६५ करोड ४३ लाख ४२ हजार राजस्व संकलन भएको थियो । असोज मसान्तसम्ममा लक्ष्यको १० प्रतिशत अर्थात् ६ अर्ब ८६ करोड ७ लाख ३८ हजार रुपैयाँ राजस्व संकलन गरेको हो ।

प्रदेश सरकारले बाँडफाँट बाट २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ राजश्व प्राप्त हुने अनुमान गरेकोमा १२.९५ प्रतिशत (३ अर्ब ८२ करोड ८५ लाख ५६ हजार रुपैयाँ) संकलन गरेको छ । मन्त्रालयका प्रशासन महाशाखा प्रमुख होमनाथ रिजालका अनुसार चालु आवमा घरजग्गा रजिष्ट्रेशन दस्तुर, बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर, बाँडफाँडबाट प्राप्त हुने अन्तशुल्क, सवारीसाधन कर, मनोरञ्जन कर र दहत्तरवहत्तरको बिक्रीबाट प्राप्त हुने आयमार्फत् राजस्व संकलन गरेको हो ।

प्रदेशको सबैभन्दा धेरै आम्दानीको स्रोत सवारीसाधन कर र घरजग्गा रजिष्ट्रेशन दस्तुर वापतको राजस्व देखिन्छ ।



बागमतीको राजस्व संकलनको अवस्था कमजोर देखिएको छ । प्रदेशले प्राप्त गर्ने बाँडफाँड, अनुदान, आन्तरिकस्रोत र बेरुजु तथा नगद मौजदातको रकम संकलन कमजोर हुँदा राजस्व संक्लनमा प्रभाव परेको हो । मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार चालु आवको दुई महिनामा बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट एक करोड १४ लाख ५० हजार, अन्तशुल्कवापत १९ करोड ६४ लाख संकलन भएको थियो ।

प्रदेशले यो शीर्षक अन्तर्गत घरजग्गा रजिस्ट्रेसन दस्तुर बापत ४९ करोड ३८ लाख ६४ हजार रुपैयाँ (६.४१ प्रतिशत), मूल्यअभिवृद्धि कर १ अर्ब १९ करोड ५४ लाख ९ हजार (१३.८७ प्रतिशत), अन्तशुल्क ३९ करोड ९३ लाख १७ हजार रुपैयाँ (१०.८१ प्रतिशत), सवारीसाधन कर १ अर्ब ६५ करोड ९० लाख रुपैयाँ (२२.१२ प्रतिशत), मनोरञ्जन कर १ लाख ३० हजार (०.२४ प्रतिशत), विज्ञापन कर १३ लाख ६१ हजार रुपैयाँ (७.१७ प्रतिशत), दहत्तरबहत्तर को बिक्रीबाट ७ करोड ९४ लाख ९९ हजार रुपैयाँ (५.६८ प्रतिशत) संकलन गरेको छ ।

संघीय सरकारबाट १५ अर्ब ५७ करोड ५६ लाख रुपैयाँ अनुदान प्राप्त गर्ने लक्ष्य रहेको छ । जसमध्ये पहिलो त्रैमासिकमा प्रदेशले २ अर्ब ६ करोड ८ लाख ५० हजार रुपैयाँ (१३.२३ प्रतिशत) प्राप्त गरेको छ । बित्तीय समानीकरण अनुदानबापत प्राप्त हुने ८ अर्ब २४ करोड ३४ लाख रुपैयाँमध्ये २ अर्ब ६ करोड ८ लाख ५० हजार रुपैयाँ (२५ प्रतिशत) प्राप्त गरेको छ । यो बाहेक हालसम्म कुनै पनि अनुदान संघीय सरकारबाट प्राप्त गर्न सकेको छैन । संघीय सरकारबाट प्राप्त हुने निर्धारित सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र अन्य अनुदान कुनैपनि प्राप्त गरेको छैन ।

प्रदेश सरकारको आन्तरिक आयतर्फबाट ४ अर्ब ५३ करोड ८४ लाख ७९ हजार रुपैयाँ लक्ष्यमध्ये ८९ करोड ८४ लाख २ हजार रुपैयाँ (१९.८० प्रतिशत) राजस्व संकलन गरेको छ । आन्तरिक आयतर्फ कृषिआयमा करबापत ८ हजार रुपैयाँ (०.८८ प्रतिशत) राजस्व संकलन गरेको छ । यो शीर्षकमा चालु आर्थिक वर्षमा १० लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएको थियो । सरकारी सम्पत्तिको बहालतर्फ भने लक्ष्य भन्दा बढी राजस्व संकलन गरेको छ ।

यो शीर्षकमा २० लाख रुपैयाँ राजस्व संकलन हुने अनुमान गरेकोमा पहिलो त्रैमासिकमा नै २१ लाख ८ हजार रुपैयाँ (१०५.४१ प्रतिशत) संकलन गरेको मन्त्रालयले जनाएको छ । अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी १ लाख १७ हजार रुपैयाँ (२.६० प्रतिशत), पर्यटन शुल्क ५५ हजार रुपैयाँ (५०.३६ प्रतिशत), पदयात्रा शुल्क ४० हजार रुपैयाँ, कृषिउत्पादन बिक्रीबाट ४५ लाख रुपैयाँ (११.९१ प्रतिशत) संकलन गरेको छ ।

राजस्वको अन्य शीर्षकबाट ११ हजार रुपैयाँ (२.२० प्रतिशत), सेवाशुल्क तथा ब्रिकीबापत ८ लाख ८१ हजार रुपैयाँ, शिक्षाक्षेत्रबाट ९३ हजार रुपैयाँ (९.३५ प्रतिशत), परीक्षा शुल्कबापत १ करोड ७८ लाख ५६ हजार रुपैयाँ (५.७८ प्रतिशत), यातायातक्षेत्रको आम्दानीबापत १६ करोड ९४ लाख २८ हजार रुपैयाँ (१९.९३ प्रतिशत), अन्य प्रशासनिक सेवा शुल्कबापत १ करोड ४६ लाख १५ हजार रुपैयाँ (१३.९२ प्रतिशत) संकलन गरेको छ ।

व्यवसाय रजिस्ट्रेसन दस्तुरबापत १० करोड ६६ लाख ५६ हजार रुपैयाँ (२०.३२ प्रतिशत), रेडियो/एफ.एम. सञ्चालन दस्तुर बापत ३० हजार रुपैयाँ (१.११ प्रतिशत), चालक अनुमतिपत्र, सवारी दर्ता दस्तुरबापत ५६ करोड ५० लाख ४३ हजार रुपैयाँ (२५.१० प्रतिशत), वनक्षेत्रको अन्य आयबापत २६ लाख १८ हजार रुपैयाँ (०.६६ प्रतिशत), न्यायिक दण्ड, जरिवाना र जफतबापत ५० हजार रुपैयाँ, प्रशासनिक दण्ड, जरिवाना र जफत बापत ३९ लाख ८ हजार रुपैयाँ (१२.६८ प्रतिशत), बीमा दाबीबापत ७६ हजार रुपैयाँ (३०.८७ प्रतिशत), अन्य राजस्वतर्फ २ लाख २४ हजार रुपैयाँ (६.४१ प्रतिशत) संकलन गरेको छ ।

प्रदेशले १ करोड ७५ लाख ३८ हजार रुपैयाँ बेरुजू फर्छ्यौट गरेको छ भने १ लाख २८ हजार रुपैयाँ निकासा फिर्ता, ५ करोड ५२ लाख ६१ हजार रुपैयाँ अनुदान फिर्ताबापत राजस्व संकलन गरेको छ । सवारीसाधन करवापत एक अर्ब ११ करोड ८० लाख ११ हजार, घरजग्गा रजिष्ट्रेशन दस्तुरवापत २ करोड ९३ लाख ९२ हजार राजस्व संकलन गर्न सफल भएको छ ।

## समस्याग्रस्त सहकारीबारे बुझ्न सातै प्रदेशमा टोली खटाइने

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ समस्याग्रस्त सहकारीको स्थलगत अनुगमनका लागि सरकारले सातवटै प्रदेशमा विज्ञ टोली खटाउने भएकोछ ।

मुख्यसचिव एकनारायण अर्यालको संयोजकत्वमा बुधबार सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय विशेष छानबीन समितिको प्रतिवेदन कार्यान्वयन सम्बन्धमा बसेको बैठकले यस्तो निर्णय गरेको हो । मुख्यमन्त्री अर्यालले भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई यो जिम्मेवारी दिएका छन् । टोलीले समस्याउन्मुख सहकारी संस्थाको स्थलगत अनुगमन गरी त्यस्ता संस्थाको कारोबारको यथार्थ वस्तुस्थिति र जोखिम आंकलन गरी प्रतिवेदन पेस गर्नुपर्नेछ ।

त्यसका लागि आवश्यक वित्तीय क्षेत्रमा काम गरेका जनशक्ति अर्थ मन्त्रालयले र अन्य जनशक्ति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराउने निर्णय भएको छ । टोलीमा सम्बन्धित प्रदेशको सहकारी हेर्ने रजिष्ट्रार वा अधिकृत कर्मचारी र सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतसमेत रहने व्यवस्था मिलाइएको छ । त्यस्तै सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय विशेष छानबीन समितिको प्रतिवेदनले औंल्याएका कानुनी सुधारका लागि कार्यदल गठन गर्ने निर्णय गरिएको छ ।

कार्यदलमा प्रधानमन्त्री कार्यालयका कानुनसचिव संयोजक र वित्तीय क्षेत्र हेर्ने अर्थ मन्त्रालयका सहसचिव, नेपाल राष्ट्र बैंकका वित्तीय सुपरीवेक्षण तथा नियमन क्षेत्र हेर्ने निर्देशक र सहकारी विभागका रजिस्ट्रार रहनेछन् । त्यस्तै प्रधानमन्त्री कार्यालयका सहसचिव नमराज घिमिरेलाई सदस्य सचिवको जिम्मेवारी तोकेको छ । कार्यदलले ३० दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कानुनी सुधारको मस्यौदासहितको प्रतिवेदन पेस गर्नुपर्नेछ ।

त्यस्तै सहकारी संस्थाको छुट्टै नियमनकारी निकाय गठन गर्न भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले आवश्यक कार बाही तत्काल अगाडि बढाउन र सहकारी ऐन, २०७४ बमोजिमको बचत तथा कर्जा सुरक्षण कोष स्थापनाको लागि मन्त्रालयहरुसँग समन्वय गरी कोष स्थापनाको काम यथाशीघ्र टुंग्याउन निर्देशन दिइएको छ ।

## बागमती गाउँपालिकाबिरुद्धको रिट खारेज

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ मकवानपुरको बागमती गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटमाथि परेको रिट खारेज भएको छ । २१ कार्तिकमा उच्चअदालत पाटन हेटौंडा ईजलाशका न्यायधीशहरु शान्ति सेढाई सापकोटा र सानुमैया डंगोलको संयुक्त इजलासले रिट खारेज भएको फैसला गरेको हो ।




गत असारमा गाउँपालिका अध्यक्ष सर्केश घलान र तत्कालीन प्रमुख प्रशासकीय अधिकृत झम्क नारायण घलानविरुद्ध परेको उत्प्रेषण परमादेश मुद्दा खारेज भएको हो । चालू आर्थिक वर्ष २०८१/८२ का लागि गाउँपालिकाले ल्याएको बजेट रोक्न गाउँपालिका उपाध्यक्ष फणिन्द्र तिमल्सिनासहित बागमती-९ का वडाअध्यक्ष पुनराम घलान, ८ का वडाअध्यक्ष ईन्द्रमणि तिमल्सिना, र ७ नम्बरका वडाअध्यक्ष उत्तर बहादुर भोलनले अदालतमा रिट दर्ता गराएका थिए ।

बागमती गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटमाथि जनप्रतिनिधिबीचको विवाद अदालतमा पुगेको थियो । रिट निवेदनमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिम स्थानीय राजश्व परामर्श समिति दफा ६६ को श्रोत अनुगमन तथा बजेट सीमा निर्धारण समिति र दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन नै नगरी गैरकानुनी ढंगबाट नीति, कार्यक्रम र बजेट ल्याउन लागिएको दाबी गरिएको थियो ।

ऐनको दफा ६७ ले बजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था गरी दफा ६६ वमोजिम निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट तथा कार्यक्रम तर्जुमा गर्न भनी उपाध्यक्ष कै संयोजकत्वमा वजेट कार्यक्रम तर्जुमा समितिको व्यवस्था गरेको रिट निवेदनमा दाबी गरिएको थियो । १० असारमा नीति, कार्यक्रम ल्याउँदा उपाध्यक्षसहित वडाअध्यक्षहरु गाउँपालिका कार्यालयभित्र धर्नामा बसेका थिए ।

## बकैयाका वडाध्यक्ष दंगाल भीमफेदी कारागार पुगे

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिका-४ का वडाध्यक्ष राजन दंगाललाई पुर्पक्षका लागि भीमफेदी कारागार पठाइएको छ ।

जिल्ला न्यायाधीश सकुन्तला कार्कीको इजलासले बुधवार सरकारी काजगात किर्तेको अभियोगमा दंगाललाई थुनामा राखी अनुसन्धान अगाडि बढाउन आदेश गरेको अदालतका अधिकृत दिलिप राईले जानकारी दिए । उनलाई गत असार दोस्रो हप्ता अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो । त्यसयता उनी फरार थिए ।

दंगाल चार महिनापछि आजै अदालतमा उपस्थित भएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक श्याम् अर्यालले जानकारी दिए । वडाध्यक्ष दंगालमाथि स्याङजाकी मृतक उमादेवी गुरुङको नागरिकता किर्ते र जग्गा पास सम्बन्धी प्रक्रियाका लागि नक्कली कागजात बनाएर सिफारिस गरेको अभियोग छ ।

जिल्ला प्रहरी कार्यालयमा गुरुङको श्रीमान भारतीय मूलका एमसी परेराले विगत ६ महिना अगाडि वडाध्यक्ष दंगालसहित ७ जनाविरुद्ध जाहेरी दिएको मकवानपुर



प्रहरीले जनाएको छ । गुरुङको नाममा उमादेवीको ललितपुर, कीर्तिपुर र चितवनमा रहेको करोडौं मूल्य पर्ने जग्गा हत्याउने प्रयास भएको प्रहरी अनुसन्धानबाट खुलेको छ । गुरुङको २६ भदौ २०७४ मा निधन भएको थियो । उनका श्रीमान् परेरा चितवनको भरतपुरमा बस्दै आएका थिए । उनका दुई छोरी र एक छोरा अमेरिकामा छन् ।

प्रहरीले गत असारमा वडाध्यक्ष दंगाल, वडासचिव अनिसा श्रेष्ठ, नक्कली छोरा बनेका पूर्णबहादुर ब्लोनसहित सर्जमिन मुचुल्कामा साक्षी बसेका स्थानीय ४३ वर्षीय सानुमान थिङ, ३९ वर्षीय जीतमान थिङ, ३५ वर्षीय जमानसिं भ्लोन, ६९ वर्षीय रामबहादुर न्यासुर विरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो । प्रहरीले उनीहरुविरुद्ध लिखतसम्बन्धी कसुरमा अदालतमा मुद्दा दायर गरेको थियो ।

बकैया-४ का ४६ वर्षीय ब्लोनलाई मृतक गुरुङको नक्कली छोरा बनाएर वडाध्यक्ष दंगालले १८ मंसिर ०८० मा मृत्युदर्ता र नाता प्रमाणितलगायतका कागजात तयार पारिदिएका थिए । सोही घटनामा संलग्न रहेको आरोपमा वडा सचिव श्रेष्ठ, ब्लोन र न्यासुरलाई जिल्ला अदालतले २१ असारमा नै पुर्पक्षका लागि थुनामा पठाएको प्रहरीले जनाएको छ ।

## मनहरीमा बस दुर्घटना, ३५ यात्रु घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ मकवानपुरको पश्चिमीक्षेत्र मनहरीमा बुधबार बिहानै भएको बस दुर्घटनामा परी ३५ जना घाइते भएका छन् । बिहान ४ बजेको समयमा मनहरी-७ समिडाँडास्थित पूर्बपश्चिम राजमार्गमा बस दुर्घटना हुँदा ३५ जना यात्रु घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीप्रवक्ता प्रहरीनायवउपरीक्षक श्याम् अर्यालले बताए ।

काठमाडौंबाट महोत्तरीको लागि आउँदै गरेको प्रदेश २-०३-००१ ख ३६२९ नंबरको बस आफैं अनियन्त्रित भई सडकबाट अन्दाजी १० मिटर तल दुर्घटना हुँदा बसमा सवार रहेका ४० जनामध्ये ३५ जना यात्रु घाइते भएका हुन् ।

दुर्घटनामा घाइते भएका ३५ मध्ये २८ जनाको चितवनस्थित पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भईरहेको प्रवक्ता अर्यालले जानकारी दिए । जसमध्ये १३ जनाको अवस्था मध्यम र १५ जनाको अवस्था सामान्य रहेको उनको भनाई छ ।

यसैगरी मनहरी अस्पतालमा ३ जना सामान्य अवस्थाका घाइतेको उपचार भइरहेको र हेटौंडा अस्पतालमा उपचाररत ४ जना घाइतेको डिस्चार्ज भइसकेको प्रवक्ता अर्यालले बताए । बसका चालक महोत्तरीको पिपरा गाउँपालिका वडा नम्बर २ का ३७ वर्षीय जयकिशोर कापरलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक सोधपुछ भइरहेको प्रहरीले जनाएको छ ।

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रदेश सरकारको सय दिन

बागमती प्रदेश सरकारले १०० दिन पूरा गरिसक्दा पनि उल्लेखनीय काम देखाउन सकेको छैन । ८ साउनमा बहादुरसिं लामा मुख्यमन्त्री नियुक्त भएसँगै बागमतीमा नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकार गठन भएको थियो । सरकार सुरुवाती दिनबाटै राजनीतिक दाउपेच, सत्तारुढ दलभित्रको शक्तिसंघर्षमा रुमलियो । १५ साउनमा विश्वासको मत पाएका मुख्यमन्त्री लामाले सरकार गठन भएको लामो समयसम्म मन्त्रीपरिषद् विस्तार गर्न सकेनन् । नागरिकमा देखिँदै आएको प्रदेश संरचनाप्रतिको वितृष्णालाई घटाउनुपर्ने दायित्व बोकेको लामा नेतृत्वको सरकारले प्रदेशवासीमा कुनै आशा जगाउने काम नै गर्न सकेको छैन ।

पार्टीभित्र गुट नमिलेकै कारण मन्त्री बन्नबाट रोक्न भागबण्डा लागिसकेको मन्त्रालयमा कांग्रेस र एमालेबीच भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय साटासाटा पनि भयो । मन्त्रालय संख्या घटाएर प्रदेशको खुम्चिएको आर्थिकस्रोतलाई व्यवस्थापन गर्नुपर्ने सरकारले उल्टै विनाविभागीय मन्त्री थप्यो । प्रदेशमा १३ वटा मन्त्रालय १४ जना मन्त्री छन् । मन्त्री मधुकुमार श्रेष्ठ तीन महिनादेखि जिम्मेवारीविहीन छन् । मन्त्री संख्या बढाएपछि असन्तुष्टि जनाएको सत्तासाझेदार दल एमालेलाई थामथुम पार्न मुख्यमन्त्री लामाले श्रेष्ठलाई 'जगेडा' मन्त्रीको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमै कोठा दिएर राखेका छन् । सरकारले यो राम्रो कार्यक्रम र योजना ल्यायो भन्न सक्ने अवस्था नै छैन । प्रदेशको कामका कारण जनतामा पहिल्यैदेखिको वितृष्णालाई झन बढाएको छ । बागमती सरकार गठन भएको दुई महिनापछि अर्थात ६ असोजमा मात्रै न्यूनतम साझा कार्यक्रम प्रस्तुत भयो । ६७ बुँदे न्यूनतम साझा कार्यक्रममा मुख्यमन्त्री लामा र एमाले संसदीय दलका नेता तथा पूर्वमन्त्री जगन्नाथ थपलियाको हस्ताक्षर छ । न्यूनतम साझा कार्यक्रमको प्रस्तावनामै त्रुटी छ । बागमती सरकारको राजस्व संकलन कमजोर बन्दा आम्दानी खुम्चिएको छ । आम्दानी घटेपनि सरकारले सांसद रिझाउन योजनामा बजेट थप्ने सहमति गरेको छ । सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को असोजसम्म सरकारले अनुमानको १० प्रतिशत मात्र राजस्व संकलन गर्न सक्यो । राजश्व बाँडफाँड, संघीय अनुदान, आन्तरिक स्रोत र बेरुजु तथा नगद मौज्दातको रकम संकलन कमजोर हुन पुगेको हो । ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएको सरकारले लक्ष्यको १० प्रतिशत अर्थात् ६ अर्ब ८६ करोड ७ लाख ३८ हजार रुपैयाँ मात्रै आम्दानी गरेको छ ।

६ असोजमा बागमती प्रदेशसभाका दलहरुबीच विपक्षी दलका सांसदको योजनामा बजेट थप गर्ने सहमति भएको थियो । नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादीसहित विपक्षी दलले प्रदेशसभा अवरुद्ध गर्ने तयारी गरेपछि सरकारको सक्रियतामा सर्वदलीय बैठक बसेको हो । मुख्यमन्त्री लामाले बोलाएको सर्वदलीय बैठकले सांसदका योजनामा अपुग बजेट थप्ने सहमति गरेको हो । चालू आर्थिक वर्ष २०८१/८२ को बजेटमा सरकारले प्रत्यक्ष निर्वाचित सांसदलाई ३ करोड र समानुपातिक सांसदलाई २ करोड सिलिङ तोकेको थियो । विपक्षी दलको योजनामा झण्डै एक अर्बको बजेट थप गर्न माग गरेका थिए । प्रदेश सरकारले १०० दिनमामा दलीय भागबण्डा लगाएर धमाधम राजनीतिक नियुक्ति गर्‍यो । प्रदेश लोकसेवा आयोग, प्रदेश नीति तथा योजना आयोग बागमती प्रदेश विश्वविद्यालय समिति, मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश खेलकुद विकास समितिमा कांग्रेस र एमालेको भागबण्डामा नियुक्ति गरियो । नियुक्ति दिलाउँदा सरकारले निजामतिसेवाबाट अवकाश नै नपाएको व्यक्तिलाई संवैधानिक आयोगको नेतृत्वको उपहार दियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छुतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक २३ गते शुक्रबार ८ नोभेम्बर २०२४ । सप्तमी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२०, सूर्यास्त ५:१३ । विश्व रेडियोग्राफी दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनोरञ्जन प्राप्त हुनेछ | तुला | : मनमा निरासा उत्पन्न हुनेछ |
| वृष | : व्यापारबाट लाभ मिल्नेछ | वृश्चिक | : समयले साथ दिनेछ |
| मिथुन | : स्वास्थ्योपचारमा खर्च हुनेछ | धनु | : रमाइलोमा दिन बित्नेछ |
| कर्कट | : मानसिक असन्तुष्टि बढ्नेछ | मकर | : जोश जागर आउनेछ |
| सिंह | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | कुम्भ | : समयले साथ दिनेछ |
| कन्या | : काम अपुरै रहने देखिन्छ | मीन | : राम्रो समाचार सुन्न पाइनेछ |

# 'सरोगेसी'मा कानुनको अभाव



श्रीना नेपाल

सरोगेसी भनेको कुनै महिला (सरोगेट आमा) ले अरु व्यक्तिको बच्चा आफ्नो गर्भमा राखेर जन्म दिने प्रक्रिया हो । यो प्राय: त्यस्तो अवस्थामा गरिन्छ जहाँ कुनै महिला स्वयं गर्भवती हुन नसक्ने विभिन्न अवस्थामा हुन्छिन् ।

सरोगेसीमा बच्चाको भ्रूणलाई सरोगेट आमाको गर्भमा प्रत्यारोपण गरिन्छ । र, जन्मेपछि बच्चालाई उसकै जैविक आमाबाबुलाई हस्तान्तरण गरिन्छ । सरोगेसीलाई दुई किसिममा वर्गीकृत गर्न सकिन्छ ।

**१) पारम्परिक सरोगेसी**

यसमा सरोगेट आमाको अण्डाणु प्रयोग गरिन्छ, जसमा शुक्राणु अर्को पुरुषको (प्राय: इच्छुक बाबुको) हुन्छ । यस प्रकारको सरोगेसीमा सरोगेट आमा जैविक रूपमा बच्चाको आमा पनि हुन्छिन् ।

**२) गेस्टेसनल सरोगेसी**

यस प्रकारको सरोगेसीमा इच्छुक आमाबाबु (वा डोनर)को अण्डाणु र शुक्राणुबाट भ्रुण बनाइन्छ र सरोगेट आमाको गर्भमा राखिन्छ । गेस्टेसनल सरोगेसीमा सरोगेट आमाको बच्चासँग जैविक सम्बन्ध हुँदैन ।

**कानुनको अभाव**

नेपालको परिप्रेक्ष्यमा सरोगेसीलाई नियमन गर्ने कानुनको अभाव देखिन्छ । पुष्पराज पाण्डेयविरुद्ध नेपाल सरकार (नि. नं.९७५७, २०७४, जेष्ठ, भाग-५९, अंक-२) को मुद्दामा सम्माननीय प्रधानन्यायाधीश सुशीला कार्की र न्यायाधीश गोविन्दकुमार उपाध्यायको संयुक्त इजलासद्वारा नेपालमा व्यावसायिक सरोगेसी सेवालाई नियन्त्रण गर्न र सन्तान सुख प्राप्त गर्न असमर्थ तथा असक्षम भएका स्वदेशी नि:सन्तान दम्पतीको हकमा सामाजिक चाहनाअनुरूप परोपकारी सट्टा आमा (अल्ट्रयुस्टिक सरोगेसी) सम्बन्धी सेवा कानुन बनाएर सञ्चालन तथा नियमन गर्न सरोगेसीसम्बन्धी कानुनको निर्माण गर्न निर्देशनात्मक आदेश जारी गरिएको थियो ।

सर्वोच्च अदालतले यसरी गम्भीर रूपमा व्यावसायिक सट्टा आमालाई निषेध गरे पनि आईभीएफ सेन्टर फर्टिलिटी, गो आइभीएफ सरोगेसी, सरोगेट मदर नेपाल, सरोगेसी क्लिनिक नेपाल जस्ता क्लिनिकले भने खुलेआम सरोगेसी गर्न प्रेरित गर्नुका साथै नेपालमा सरोगेसी सहज हुनुको तर्कसंगत नेपालमा सरोगेसीसम्बन्धी कानुन नभएको समेत उल्लेख गरेको अवस्था छ ।

यसरी विभिन्न क्लिनिक खुला रूपमा खोलेर, विदेशीलाई नेपालमा बोलाउने गरेको हुँदा पनि अहिलेसम्म कुनै निकायले ध्यानाकर्षण गरेको भने पाइएन । सुशासनका ठुल्ठुला सपना देखाउने देशमा महिलालाई संरक्षण गर्न नसक्ने, महिलाहरू शोषित भइरहँदा आफ्नो देह व्यापार गरिरहँदासम्म पनि चुपचाप बसिरहेको देख्दा भने आश्चर्य लाग्छ । यो महिलाको मात्र नभई अदालतको पनि मानहानिको गम्भीर विषय हो ।

यसरी महिलाको शरीरलाई शिशु जन्माउने भाँडोका रूपमा प्रयोग गर्न दिनु नै संरचनात्मक हिंसालाई बढावा दिनुको साथै लैङ्गिक हिंसालाई समेत प्रोत्साहन दिनु हो । महिलालाई बच्चा जन्माउने भाँडाका रूपमा प्रयोग गर्नु महिलालाई वस्तुकरण गर्नु र कमोडिफाइ गर्नु हो ।

व्यापारिक सरोगेसी गर्नु देह व्यापार गर्नु बराबर हो । एउटा मात्र नभई दुईवटा शरीरको व्यापार गर्नु हो । र, यसो गर्दा नेपालको संविधान २०७२ प्रदान गरेको मौलिक हक अन्तर्गतको धारा २९ को शोषण विरुद्धको हक तथा धारा ३८ को महिलाको हकको समेत हनन भएको देखिन्छ ।

वेश्यावृत्तिलाई देह व्यापार मानेर अवैध मानियो । सरोगेसी त अझ मातृत्वजस्तो पवित्र सम्बन्ध र दुई शरीरको व्यापार हो । यसका लागि कडाभन्दा कडा कानुन बनाउन जरुरी छ । 'मातृ देवो भव:'को मन्त्र जप्ने सभ्यता हो हाम्रो । मातृत्वको सम्बन्धको कसैले लेखाजोखा गर्न त परको कुरा, शब्दमा समेत बयान गर्न कठिन छ । यस्तो अमूल्य सम्बन्धलाई उचित कानुनबिनै व्यवसायीकरण गर्न दिनुले यो प्रश्न जन्माएको छ कि कहाँ लाँदै छौं हामीले हाम्रो संस्कृति र सभ्यतालाई ?

आमा र बच्चाबिचको सम्बन्ध नौ महिना कोखमा राखेर जन्माउनु मात्रै होइन, यो त जीवनभरिका लागि जैविक र मानसिक नातासँग सम्बन्धित हुन्छ । अर्थात् संलग्न सिद्धान्त (अट्याचमेन्ट थ्यौरी), आमा र बच्चाबिचको सम्बन्ध र शिशु विकासका लागि आवश्यक र प्राथमिक शक्ति हो भन्ने विश्वासमा आमा र बच्चाबिचको सम्बन्ध आधारित छ । जसले बच्चालाई समाजमा स्थापित हुने वा व्यक्तित्व विकास गर्ने धेरै आधार बनाउँछ ।

स्कन्द पुराणमा उल्लेख गरिएको छ,
*'नास्ति मातृसमा छाया नास्ति मातृसमा गति: ।*
*नास्ति मातृसमं त्राणं नास्ति मातृसमा प्रपा ।।'*

अर्थात् आमाजस्तो कुनै पनि छाया, आश्रय र रक्षक छैन ।

हुन पनि यस संसारमा आमा जस्तो जीवन दिने कोही छैन । मातृत्वलाई नै यसरी बेच्न दिनु न्यायोचित होइन ।

यसमा सबैभन्दा महत्वपूर्ण विचारणीय कुरा हो, कानुनको अभाव । आमा र बच्चा दुवैको ज्यान जोखिममा पर्ने कार्य हो सरोगेसी, यसमा कानुन अपरिहार्य छ । कानुनबिना बच्चाको संरक्षणको वैधानिकता पनि प्रत्याभूति हुँदैन । यति मात्र नभई आमालाई समेत प्रसूतिपछि उचित हेरचाह नहुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । यस्तै, नेपालको संविधान २०७२ को धारा ३९ अनुसारको बालबालिकाको हकको समेत हनन हुने अवस्थाको सिर्जना हुन्छ ।

हाम्रो कानुनी सिद्धान्तहरूमध्येको एक सिद्धान्त हो, 'यदि कुनै कार्य गरिन्छ, जुनसँग सम्बन्धित कानुन छैन भने त्यस्तो कार्यलाई आपराधिक मान्न मिल्दैन ।' यस दृष्टिकोणबाट हेर्दा सरोगेसीद्वारा अन्याय र शोषणमा परेकाले न आवाज उठाउने बाटो रहन्छ, न त कानुनको ढोका ढकढक्याउने बाटो रहन्छ ।

यस कारण हाम्रो संविधानले व्यवस्था गरेको सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक र सामाजिक न्यायको हक समेत हनन हुन जान्छ । सरकारले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सुनिश्चित गर्न बनाइएको ऐनले समेत यस विषयलाई समावेश गरेको देखिँदैन । सरोगेसी पूर्ण रूपमा प्रजनन स्वास्थ्यसँग जोडिएको छ । यस सम्बन्धी कानुन नबन्नु भनेको महिलाको शारीरिक तथा मानसिक स्वास्थ्यमा पर्ने असर समेतलाई ध्यान नदिनु हो । कानुनी अभावका कारण महिलाहरूको बाध्यता र विवशताको फाइदा उठाउन सक्ने देखिन्छ ।

केही नेपाल ऐन संशोधन गर्ने ऐन (२०६३) ले समेत यस्तो संवेदनशील विषयबारे बोलेको छैन । समानताको विषयलाई सम्बोधन गर्दा सम्पूर्ण समस्यालाई मध्यनजर गर्नुपर्ने हुन्छ । मातृत्व बेच्न दिने समानता वा महिलालाई बच्चा उत्पादन गर्ने भाँडोको रूपमा प्रयोग गर्दा समेत कारबाही नगर्ने समानताको के महत्त्व ? सरोगेसीले निम्त्याउने समस्याको सम्बोधन नगर्नु भनेको आफ्नै आमाको समेत सम्मान नगर्नु बराबर हो ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनमा 'कसैले किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ' भन्ने उल्लेख छ । तर, यसले सरोगेसीलाई सम्बोधन गर्छ कि गर्दैन भन्ने स्पष्ट छैन ।

सर्वोच्च अदालतबाट परमादेश समेत जारी गरिँदा पनि कानुन नबन्नु पछाडिको कारण के हुन सक्छ ? आफ्ना छोरीचेलीलाई देह व्यापार गर्न प्रोत्साहन गर्ने सरकारले संविधानमा मौलिक हकहरूबाट किन नागरिकको संरक्षणको ठुलो सपना देखाएको होला ? संसारको सबैभन्दा पवित्र सम्बन्ध मातृत्वको समेत व्यापार हुँदा किन सरकारले बेवास्ता गरिरहेको छ ?

महिलाको समानता, सशक्तीकरण, स्तरोन्नतिका लागि, सम्मानपूर्वक जीवनयापन गर्न पाउनका लागि, महिलालाई वस्तुकरण गर्नबाट रोक्नका लागि र मातृत्वको महानता र प्रकृतिको सम्मानका लागि सरोगेसीलाई नियमन गर्न जरुरी छ ।

*(साभार: रातोपाटी)*

# विकास आयोजना र सेवा प्रवाहमा सुशासन

सागर पण्डित

मुलुकले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै वि.सं. २१०० सम्ममा समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच हासिल गर्न सुशासनयुक्त शासन व्यवस्थाबाट मात्रै सम्भव छ । यसका लागि शासक-प्रशासकहरुमा सदाचारी र पारदर्शी संस्कृति, इमानदार र नैतिक नेतृत्व तथा राज्यका सबै पक्षहरुमा जिम्मेवारीपन र जवाफदेहिता प्रवर्द्धन गर्नुपर्ने हुन्छ । तर विडम्बना ! हामीकहाँ वर्षौंदेखि सुशासनयुक्त शासन प्रणाली स्थापना नै हुन सकेको छैन ।

राज्यका सबै निकायले आ-आफ्ना जिम्मेवारीअनुसार काम गर्न सकेका छैनन् । विगतमा केन्द्रीकृत शासन प्रणाली हुँदा व्याप्त भ्रष्टाचार अहिलेसम्म पनि रोकिन सकेको छैन । सरकारले दिगो विकास लक्ष्य हासिल गर्ने भनिए पनि त्यसका लागि आवश्यक प्रमुख रणनीतिमध्येको एक सुशासनलाई आफ्नो मूल मन्त्र बनाउन सकेको देखिँदैन ।

भ्रष्टाचार आफैंमा जटिल शासकीय समस्या भएकाले यसलाई प्रभावकारीरुपमा नियन्त्रण गर्नका लागि सबै तह र क्षेत्रका जिम्मेवार पदाधिकारीहरुको सहयोग, दृढ संकल्प र प्रतिबद्धता आवश्यक हुन्छ । भ्रष्टाचारविरुद्ध लड्न र सदाचार संस्कृतिको विकास गर्न संघ, प्रदेश र स्थानीय तहका राजनीतिक तथा प्रशासनिक नेतृत्वले पारदर्शिता, जवाफदेहिता र उच्च नैतिकता प्रदर्शन गर्न जरुरी हुन्छ ।

देशमा सुशासनयुक्त शासन प्रणाली हुन नसकेकाले नै विकास र समृद्धिले गति लिन नसकेको यथार्थ हामीसामु छ । हामीकहाँ विकास आयोजनाहरुमा चरम अनियमितता हुने गरेको छ भने सरकारी अधिकारीहरु त्यसलाई रोक्न असफल हुँदै आएका छन् । सरकारी अधिकारीहरुको गैरजिम्मेवारीपनका कारण विकास आयोजनाको नाममा अर्बौं रुपियाँ बालुवामा पानीसरह भइरहेको छ, जुन हाकाहाकी भ्रष्टाचार नै हो । त्यसै गरी सरकारी निकायबाट हुने सेवा प्रवाह पनि प्रभावकारी हुन सकेको छैन । सेवा प्रवाह गर्ने क्रममा कतिपय सरकारी कार्यालयहरु बिचौलिया र माफियाको घेराबन्दीमा देखिने गरेका छन् । ती कार्यालयहरुले पनि माफिया र बिचौलियाको घेरा तोड्नुभन्दा पनि उनीहरुसँग गोप्य साँठगाँठ गर्ने गरेका छन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रजस्तो विश्वमै निकै उन्नत मानिएको शासन प्रणालीले पनि जनताका आधारभूत आवश्यकता परिपूर्तिमा उल्लेख्य सुधार ल्याउन सकेको छैन । यो शासन व्यवस्थाको मर्मअनुसार राजनीतिक नेतृत्व हिँड्न नसकेर पनि त्यस्तो देखिएको हुन सक्छ । एकातिर अवस्था यस्तो छ भने अर्कोतर्फ हाम्रा राजनीतिक दल र तिनका कतिपय नेता कसरी हुन्छ आर्थिक उपार्जन गर्ने कार्यमा नै दत्तचित्त भएर लागिरहेका छन् । सुशासन, पारदर्शिता र जिम्मेवारीबोध उनीहरूमा देखिन सकेको छैन । नेपालको फट्याइँ राजनीतिबाट आम जनता वाक्कदिक्क भइसकेका छन् । अधिकांश नेतामा नैतिकता र इमानदारिता शतप्रतिशत स्खलित भइसकेको छ । यो विडम्बना हो ।

देश वर्षौंदेखि भ्रष्टाचारको दलदलमा फस्दै आइरहेको छ । शासन सञ्चालन गर्ने शासकमा सदाचार र नैतिकताको विकास हुन नसक्दा भ्रष्टाचारमा झन् पछि झन् रेकर्ड कायम हुँदै जान थालेको छ, नीतिगत भ्रष्टाचार मौलाउँदो छ । केन्द्रदेखि प्रदेश तथा स्थानीय सरकार आफैं भ्रष्टाचारको अखडा बनिरहेका छन् । राजनीतिक नेतृत्व आफ्नो हितका लागि जे गर्न पनि उद्यत छ भने प्रशासनिक संयन्त्रले गलत कामलाई गलत भन्न सक्ने हिम्मत राख्दैनन् ।

राजनीतिक नेतृत्व तथा शासक-प्रशासकहरूलाई प्रश्न गर्ने नागरिक समाज र विभिन्न दबाब समूह आफैं पनि प्रलोभनमा फस्न पुगेका छन् । नेताहरूको भागवण्डामा नागरिक समाज, मिडियासमेत पर्न थालेका छन् । अर्थात् राजस्व छली गर्नेदेखि तस्करी गर्ने काममा समेत विभिन्न पक्षको मिलिभगत हुने गरेको छ, जुन निकै दु:खदायी हो ।

सार्वजनिक पदमा कसरी नियुक्ति गर्ने ? नियुक्त अधिकारीबाट कसरी सार्वजनिक नीति कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने ? भन्ने कुराकै सेरोफेरोमा कुशल प्रशासनका केही पूर्वसर्त पहिचान भएका छन् । पहिलो पूर्वसर्त भनेको योग्यताको अधारमा मात्र भर्नादेखि परिचालनसम्मका सबै गतिविधि गर्ने हो । योग्यता भनेको दक्षतापूर्वक काम गर्न सक्ने क्षमता हो । कामका लागि उत्तम र सक्षम व्यक्ति छनोट गर्ने र काम गरेकै आधारमा राम्रो गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्ड गर्दै परिचालन गर्दा मात्र योग्यता प्रणाली कार्यान्वयन हुन्छ । योग्यताको सट्टा सम्बन्ध वा प्रभावलाई आधार बनाउँदा सार्वजनिक प्रशासन काम नलाग्ने हुन्छ । नीति कार्यान्वयन क्षमता ह्रास हुन्छ । अहिले यस्तै भइरहेको छ । यसको दोष जति नेतालाई जान्छ, त्यति नै प्रशासकलाई पनि जान्छ ।

सार्वजनिक अधिकारी सार्वजनिक हित प्रवर्द्धनका लागि मात्र नियुक्त भएका हुन्छन्, भ्रष्टाचार गर्न होइन । यस अर्थमा भ्रष्टाचार सार्वजनिक अधिकारीको सामान्य होइन, विचलित व्यवहार हो । सदाचार प्रवर्द्धन गर्ने भनेको शक्तिको व्यापार गर्ने असंख्य अवसरबाट घेरिएको निर्वाचित वा नियुक्त सार्वजनिक अधिकारीलाई भ्रष्टाचार गर्नबाट रोक्ने हो ।

सरकारमा रहनेहरुले अब सुशासन र विकास निर्माण कार्यलाई द्रुत गतिमा अघि बढाउँदै सेवा प्रवाह प्रभावकारी बनाउन विशेष ध्यान दिनुपर्छ । तर नेपालमा विकास निर्माणको कार्यमा शुरुदेखि नै गम्भीर समस्या देखिँदै आएको छ । विकास कार्यक्रमको तर्जुमा गर्दा तथा योजना बनाउँदा प्लानिङको अवस्थामा नै गम्भीर खालका त्रुटिहरु देखिने गरेका छन् । ती त्रुटिहरु सजिलैसँग फिल्डमा पनि पुग्ने गरेका छन् । विकास तलबाट शुरु हुनुपर्ने मोडेल विपरीत हाम्रा विकास आयोजनाहरु केन्द्रमा नै बन्ने गरेका छन् ।

विकास आयोजनाहरु बनाउँदा तलदेखि माथिसम्म छलफल तथा राय-सल्लाह लिएर बनाउनुभन्दा माथि कुनै पाँचतारे होटेलमा बसेर योजना बुन्ने काम गरिँदै आएको छ । यस्तो प्रवृत्तिको तत्काल अन्त्य गर्नुपर्छ । अहिले मुलुक संघीयतामा गएको तथा प्रदेश र स्थानीय तहले पनि स्वतन्त्ररुपमा काम गरिरहेकाले ती निकायले तल्लो तहसम्म गएर छलफल गरी विकास आयोजना छनौट गर्न धेरै सहज पनि हुन सक्छ । त्यसैले विगतबाट पाठ सिक्दै ती निकायले वास्तविकरुपमा फिल्डमा नै गएर आवश्यकताका आधारमा योजना छनौट गर्न सक्नुपर्छ । विगतमा प्रभाव, पहुँच र भनसुनको भरमा विकासका ठूला-ठूला आयोजनाहरु बनाउने प्रवृत्ति हाबी भएकाले पनि समस्यामाथि समस्या थपिँदै आएको हो । विकासका लागि सुशासन अनिवार्य सर्त हो । विकास आयोजना सञ्चालन भएपछि त्यसको नियमित अनुगमन हुन नसक्नु र भइहालेमा पनि अनुगमनकर्ताहरुले नै विकास आयोजना सञ्चालन गर्नेहरुसँग गलत नेक्सस राख्नुले पनि आयोजनाहरु गम्भीर संकटमा पर्दै आएका हुन् ।

अनुगमनमा जाने सरकारी अधिकारीहरुले परियोजनाहरुमा जस्तासुकै बदमासी भए पनि कारबाही गर्नुको साटो उल्टै ठेकेदारबाट नजराना लिएर त्रुटिपूर्ण कामलाई पनि राम्रो काम भएको भनेर प्रतिवेदन दिने घातक प्रवृत्तिका कारण विकास आयोजनाहरुले प्रभावकारीरुपमा गति लिन नसकेका हुन् । अब साँच्चै नै वर्तमान सरकारले मुलुकमा सुशासन र आर्थिक समृद्धि चाहन्छ भने विकास आयोजनाहरु सञ्चालन गर्ने र ठेक्का लिनेहरुमाथि कठोर कदम चाल्नै पर्छ । समयमा काम सम्पन्न नगर्नेहरुलाई ठाउँका ठाउँ कारबाही गर्न सक्ने गरी सोही अनुसारको संरचनाको तत्काल व्यवस्था गर्न सक्नुपर्छ । नत्र जनताको करबाट उठेको अर्बौं रुपियाँको दुरुपयोग भइरहन्छ र जनतामाथि ठूलो धोका भइरहने निश्चित छ ।

यस्तो प्रवृत्तिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विकासमा नै गम्भीर धक्का लाग्न सक्छ । जनतामा पुन: निराशा छाउन सक्छ र शासकीय व्यवस्थामाथि नै गम्भीर खालका वितृष्णाहरु जागृत हुन सक्छन् । त्यस्तो दु:खदायी अवस्था आउन नदिन राजनीतिक र प्रशासनिक नेतृत्वले ठूलो जिम्मेवारीबोधका साथ काम गर्न जरुरी छ । अबका दिनमा विकास आयोजनामा अर्बौं दुरुपयोग हुने अवस्था आउन नदिन सचेत भएर लाग्नुको विकल्प छैन । यसअघि वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली दोस्रोपटक प्रधानमन्त्री हुँदा उहाँको पालामा विकास निर्माणका धेरै कार्यहरुको थालनी भएका थिए । तर त्यसपछिका सरकारले ती विकास निर्माण कार्यलाई गति दिन सकेनन् । अब प्रधानमन्त्री ओली आफैंले थालेका विकास निर्माणका कार्यलाई गति दिन सक्नुपर्छ र गति दिँदै गर्दा ती आयोजनाहरुलाई सुशासनयुक्त बनाउन पनि सक्नुपर्छ ।

सरकारीस्तरबाट सशक्त र प्रभावकारी अनुगमन हुन नसक्दा ठेकेदारले बीचमा नै काम छोडेर हिँडिदिने गरेका छन् । त्यसरी काम छोडेर हिँड्नेलाई कडा कारबाही हुनुपर्नेमा त्यस्तो हुदैन । प्रशासनिकरुपमा विकास निर्माण र सेवा प्रवाहलाई राम्ररी अघि बढाउन सकिएको छैन भने राजनीतिक नेतृत्व पनि यो कार्यमा संवेदनशील भएर अघि बढ्न सकेको छैन । विगतमा राजनीतिक नेतृत्व देश बनाउनभन्दा पनि कसरी हुन्छ आफ्नै स्वार्थसिद्ध गर्न र कमाउ धन्दामा नै लिप्त भएकाले पनि यस प्रकारका समस्या आएका हुन् भन्दा अत्युक्ति हुँदैन । मुख्य जिम्मेवार पक्ष भनेकै राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व हुन् । उनीहरु इमानदार र विकासप्रति कटिबद्ध हुन सके भने मातहत रहेका अधिकांश निकाय उनीहरुको स्प्रीटअनुसार सञ्चालन नभई धरै पाउँदैनन् । त्यसैले नेतृत्वदायी भूमिकामा रहेकाहरुबाटै सुधारको थालनी गरेर विकास निर्माण कार्यलाई समयमा नै सम्पन्न हुन सक्ने बनाउनुपर्छ ।

देश कुशासनको दलदलमा फस्दा विकास निर्माण कार्यहरु अलपत्र छन् भने सार्वजनिक सेवा प्रवाह प्रभावहीन अवस्थामा छन् । अहिले पनि मालपोत, नापी, यातायात, प्रशासन, खानेपानी, स्थानीय तहलगायतका निकायमा सर्वसाधारणले सहज सेवा पाउन सकिरहेका छैनन् । ती निकायमा सेवा लिनुपर्दा घूस खुवाउनुपर्ने बाध्यता छ । त्यसैले अब सेवाग्राहीले पाउने सास्ती रोक्न सेवा प्रवाह गर्ने निकायमा बिचौलियाहरुलाई निषेध गर्दै सेवालाई सरल, चुस्त, पहुँचयोग्य, पारदर्शी र दुरुस्त बनाउनुका साथै सेवा प्रवाहमा सूचना प्रविधिको उपयोगमार्फत कर्मचारी र सेवाग्राहीको प्रत्यक्ष सम्पर्क विन्दु घटाउनुपर्दछ ।

अर्कोतर्फ सरकारी निकायबाट साधन-स्रोतको कुशल प्रयोग हुन सकेको छैन । यसै गरी, सेवाग्राही मूल्यांकन व्यवस्थासमेत छैन । कर्मचारीमा सेवकभन्दा पनि शासक मानसिकता हाबी छ । यसै गरी निर्णय प्रक्रियामा निकै ढिलाइ गर्ने गरिन्छ भने कार्यान्वयन प्रक्रियासमेत अत्यधिक फितलो छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि यस प्रकारका चुनौतीलाई समाधान गर्न सक्नुपर्छ । यसका लागि सरकारी संयन्त्रलाई चुस्त, दुरुस्त बनाउन जरुरी छ ।

जनतालाई दिने सेवाको कार्यविधिलाई सहज बनाउन सक्नुपर्छ । यस्तै, फ्रन्टलाइन कार्यालयलाई स्रोत र अधिकार सम्पन्न बनाउनुपर्छ । अहिले स्थानीय तहबाटै धेरै काम हुने भएकाले स्थानीय सरकारले सुशासनलाई ध्यानमा राखी सोहीअनुसारका सेवा प्रवाह प्रदान गर्न सक्नुपर्छ । यसै गरी, केन्द्रीय र स्थानीय सरकारले आवश्यकता अनुसार इगभर्नेन्स, वेब सर्भिस, स्ट्रिट सर्भिसको व्यवस्थासमेत गर्नुपर्छ । विकास निर्माण कार्यलाई कुशासनको दलदलबाट मुक्त गर्न सक्नुपर्छ । यस्तो गर्न सकिएमा सेवा प्रवाह प्रभावकारी हुन्छ भने सुशासन कायम गर्न पनि विशेष मद्दत पुग्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# दिल्लीको निम्तो नपाएका प्रधानमन्त्रीको प्रतिक्रियात्मक बेइजिङ तयारी

काठमाडौं/नयाँ सत्ता समीकरण बनाएको चार महिनापछि दुई ठूला दल कांग्रेस र एमालेले बुधबार दुई दलीय संयन्त्र गठन गरे, जसको पहिलो बैठकको निर्णयमै प्रधानमन्त्री केपी शर्मा ओलीको बेइजिङ भ्रमण उल्लेख छ ।

सामान्यतया: नेपालका प्रधानमन्त्रीले पहिलो औपचारिक भ्रमण नयाँ दिल्लीतर्फ गर्ने प्रचलन यसपल्ट पछ्याउन करिब असम्भव देखिएपछि प्रधानमन्त्री ओलीले प्रतीकात्मक र प्रतिक्रियात्मक दुवै रुपमा अर्को महिना चीन यात्रा गर्ने भएका हुन् । रोचक के छ भने ओलीले यो निर्णय गराउन साझेदार कांग्रेसलाई मन्त्रिपरिषद्मा होइन, बरु सभापति शेरबहादुर देउवासहितको संयन्त्रमा खोजे ।

'चिनियाँ प्रधानमन्त्री ली छ्याङको निमन्त्रणमा डिसेम्बरमा सम्माननीय प्रधानमन्त्री ओलीको मित्रराष्ट्र चीन भ्रमणको तयारीको संयोजन प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको निर्देशनमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले गर्ने', संयन्त्रले गरेको निर्णयको दोस्रो बुँदामा उल्लेख छ ।

प्रधानमन्त्रीको चीन चासोलाई उनको व्यक्तिगत रुचिवश आएको सांकेतिक र प्रतिक्रियात्मक निर्णयका रुपमा चित्रित नगर्न सत्तापक्ष सतर्क देखिएको छ । खासमा प्रधानमन्त्री ओली संयुक्त राष्ट्रसंघीय महासभामा भाग लिन अमेरिका गएकै बखत चिनियाँ विदेशमन्त्री वाङ यीबाट भ्रमणको समयसूची प्रस्ताव भएको थियो । ओलीले चीन जाने साइत निकाल्नुअघि दक्षिणको संकेत र सन्देश कुरे ।

कुर्नु यस अर्थमा पनि स्वभाविक भइदियो कि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग उनले लोट्टे न्यूयोर्क प्यालेस होटलमा ३० मिनेट कुराकानी गरिसकेका थिए । भारतसँग कतिपय असमझदारीका बीच पनि त्यो संवादको गाँठो फुकेको परिघटनाले ओलीलाई दक्षिणी छिमेकीसँग सम्बन्ध नयाँ शिराबाट उठ्ने आशा पलायो ।

त्यो असोज ७ गतेको कुरा थियो । बीचको यो एक महिनामा भारत-नेपाल सम्बन्ध सुधारमा कुनै प्रगति भएन । संविधान निर्माण, नाकाबन्दीकाल हुँदै नयाँ नक्सा जारी गर्दै संविधान संशोधनसम्मका परिघटनामा उत्कर्षमा पुगेको ओली-मोदी तिक्तता घटाउन परराष्ट्रमन्त्री आरजु देउवा राणाको प्रयत्न त्यसअघि नै चलिसकेको थियो ।

ओलीको विशेष दूतका रुपमा आरजु देउवा राणाले २ भदौमा नयाँदिल्ली गएर मोदी लगायत शीर्षस्थ राजनीतिक पंक्तिलाई भेटिसकेकी थिइन् । उनले दिल्लीमा पाएको खातिरदारीको काठमाडौंमा जुन स्तरको चर्चा भयो, त्यसको आफैमा राजनीतिक अर्थ लाग्न गयो ।



'आरजु भनेको आज सरकारको परराष्ट्रमन्त्री मात्रै होइन, भावी प्रधानमन्त्रीकी पत्नी र कांग्रेसभित्र प्रभाव बढाउँदै गरेकी नेतृ पनि हो', कांग्रेसका एक उच्च तहका नेताले संचारकर्मीसँग भने, 'तर दिल्लीमा गएर उहाँले कसरत गरे पनि त्यसले कुनै परिणाम दिएको देखिएन, त्यसैले तपाईं हामी यो कुरामा स्पष्ट बन्नुपर्छ कि कुरा आरजुको होइन, ओलीकै बिग्रेको हो, जसलाई कांग्रेस वा एमालेको अर्को नेताले सुधारेर सम्भव छैन ।'

ओलीको बुझाइमा भारतीय संस्थापन जसरी पनि आफूलाई प्रधानमन्त्री बन्नबाट रोक्न चाहन्थ्यो । तर कांग्रेस सभापति देउवाकै जोडकोणबाट उनी पर्याप्त बहुमतसहित असार २८ गते चौथोपल्ट प्रधानमन्त्री बन्न सके ।

त्यसयता ओलीले भारतसँग बलियो समझदारी बन्न नसके पनि असमझदारीको ज्वर मत्थर गर्न पार्टीका उपमहासचिव तथा पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवाली लगायत राजनीतिक अनि केही गैर राजनीतिक च्यानल समेत सक्रिय गराएर दिल्लीसँग संवाद अघि बढाएको उच्च स्रोत बताउँछ । भारतीय सेनासँग राम्रो सम्बन्धमा रहेको नेपाली सेनाको सूत्र, केही व्यवसायी र खुफिया च्यानलले समेत यसमा काम गरेको बताइन्छ । तर त्यसले सोचेजस्तो परिणाम नदिएपछि ओली अहिले चिनियाँ विकल्प प्रयोग गर्न चाहिरहेको सत्तारुढ नेताहरुकै बुझाइ छ ।

कांग्रेसका उच्च तहका ती नेताको भनाइमा ओलीले भारतसँग सम्बन्ध सुधार्न ट्र्याक टु संवादसूत्रहरु सक्रिय गराउनुसाटो आफैं ट्र्याक वानबाट कुराकानी गर्नुपर्छ । भारतसँगको सम्बन्ध सुधार होस् या कतिपय जरुरी निर्णयहरुमा ओली यसपल्ट नेकपाकालमा जस्तो एक्स्क्लुसिभली जाने पक्षमा देखिँदैनन् ।

उनले चीन जाने निर्णय होस् या यसअघि दशैँछेकमा दल फुटाउन सहज हुने गरी अध्यादेश ल्याउने तयारीका बेला साझेदार कांग्रेससँग पर्याप्त गृहकार्य गरेका थिए । भलै त्यो सक्रिय हुन पाएन । अनि सहकारी मुद्दाका आरोपीहरु माथि कारबाही चलाउन पनि उनी कांग्रेस सभापति देउवासँगको समझदारीलाई प्राथमिकता दिइरहेका छन् । यस्तै निर्णय आफ्नो चीन भ्रमण तयारीका बेला पनि ओलीले गराए । मोदीसँगको न्यूयोर्क भेट कामयाब नबनेसँगै सामान्यतया: भारत भ्रमण पहिले गर्ने यसअघिका प्रधानमन्त्रीहरुको प्रचलनमा ओली अपवाद बन्ने अब स्पष्ट भएको छ । उसो त यसअघि राष्ट्रसंघीय ७९ औं महासभामा ओली अमेरिका पुगे पनि त्यो राष्ट्र-राष्ट्र तहको औपचारिक भ्रमण थिएन ।

एमाले नेता प्रदीप ज्ञवाली ओलीले भारतसँग सम्बन्ध सुधार्न यसबीचमा गरेका प्रयासबारे खुलेर बताउन त मान्दैनन् । तर न्यूयोर्कमा दुई प्रधानमन्त्रीबीच भएको कुराकानीको सघनतालाई उपेक्षा नगर्न आग्रह गर्छन् । उनको विचारमा दुई छिमेकीबीच सम्बन्ध सञ्चालनमा समस्या उत्पन्न भएका हुन सक्छन् भन्ने यथार्थ स्वीकार गरेर कुटनीतिक च्यानल प्रयोग गरिनुपर्छ ।

'म धेरै त भन्दिनँ, तर अहिले पनि विभिन्न माध्यमबाट भारतसँग संवादको प्रयास भइरहेको छ', ज्ञवालीले संचारकर्मीसँग भने, 'कुटनीति भनेको 'टाइटरोप'को यात्रा पनि हो तर क्रिया प्रतिक्रियाका कार्डहरु खेल्नुपर्ने जरुरी छैन । मुलत: अहिले ट्र्याक वान नै चालु छ, जसमा प्रधानमन्त्री आफैं संवादमा हुनुहुन्छ । तर हामी विगतका कुरामा मात्रै अल्झेर बस्ने होइन, साझेदारीका नयाँ क्षेत्र पहिल्याउने चरणमा प्रवेश गर्दैछौं ।'

०७२ मा संविधान जारी गर्दा प्रधानमन्त्री पदमा कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला रहे पनि दोस्रो ठूलो दल एमालेका अध्यक्ष ओलीको बढ्ता पहलकदमीमा संविधान ३ असोजमा जारी भएको थियो । ओली लगत्तै २४ असोजमा प्रधानमन्त्री बनेका थिए । भारतले ४ असोजमा तुरुन्तै वक्तव्य जारी गरेर नेपालमा भइरहेको राजनीतिक घटनाक्रमलाई 'नोट' गरेको भन्दै मधेशको असन्तोषबीच भइरहेका हिंसाका कारण आफ्नो देशबाट नेपालतर्फ निर्बाध सामान पठाउन नसक्ने बताएको थियो । त्यस बेलाका विदेशसचिव एस जयशंकरले नेपाली नेताहरुलाई दिएको चेतावनीबारे यसअघि पर्याप्त लेखिसकिएको छ ।

तिनै विदेशसचिव जयशंकर अहिले मोदीका विश्वासपात्रका रुपमा निरन्तर विदेशमन्त्री दोस्रो कार्यकालमा छन् । ओलीको नेतृत्वलाई लिएर भारतीय संस्थापनमा सहजता देखिएको छनक मिलेको छैन । नेपालका लागि एक भारतीय पूर्वराजदूतका भनाइमा ओलीले राखेका अडानसँगै उनका भाषिक अभिव्यक्तिलाई लिएर भारतीय नेताहरु सहज मान्दैनन् ।

'अहिले जो नेपालको नेतृत्वमा हुनुहुन्छ, उहाँले कुटनीतिक लय नछाडी सम्बन्ध सञ्चालन गर्नु आवश्यक छ', ती पूर्वराजदूतले भने, 'ऊर्जा व्यापार, कनेक्टिभिटी, डिजिटल तहमा नयाँ पुस्ताको चासो जस्ता विषयमा लाग्नुपर्‍यो । इतिहासको कुरा गरेर भएन ।' पूर्वपरराष्ट्रमन्त्री ज्ञवालीको भनाइमा सम्बन्धमा आरोह अवरोह देखिएको विगत भएकाले सम्बन्ध लयमा फर्कन समय लाग्नु स्वभाविक हो । तर यसमा नेपाली पक्षले मात्रै एकतर्फी रियलाइज गर्ने ठाउँ नभएको उनको तर्क छ । ज्ञवाली तिनै नेता हुन् जसलाई ओलीले यसअघि पनि भारतसँग सम्बन्ध बिग्रँदा जोड्ने संवादसूत्रका रुपमा विश्वासपूर्वक अघि सार्ने गरेका छन् ।

'हामीसँग मात्रै सम्बन्ध बिग्रेको भए पनि यताबाट पो कमजोरी बढ्ता भयो कि भनेर सोच्न हुन्थ्यो, तर भारतको अरु देशससँग पनि त्यत्तिकै सम्बन्धमा उतारचढाव छ', ज्ञवाली भन्छन्, 'जे भए पनि सम्बन्धमा आरोह अवरोह देखिएको पक्कै हो । यस्तो बेला विषयहरु लयमा फर्कन समय लाग्छ ।'

तर ओलीको आसन्न चीन भ्रमणलाई भारत जान नपाउँदाको प्रतिक्रियाका रुपमा बुझ्न भने नहुने ज्ञवालीको तर्क छ । चीनसँग आफ्ना आन्तरिक आवश्यकताहरुले गर्दा स्वभाविक रुपमा सम्बन्ध रहने भन्दै उनले कुनै नयाँ विषय नभएको तर्क गरे । चीनले यसअघि नै निम्ता दिइसके पनि विभिन्न कारणवश नेपालबाट मिति पक्का गर्न ढिलाइ भएको सत्ता पक्षधर नेताहरु बताउँछन् ।

सत्तारुढ दलका एक उच्च तहका नेताको भनाइमा चिनियाँ समकक्षीका तर्फबाट निम्तो आएको एक महिनाभन्दा बढ्ता भयो, तर चिनियाँ राष्ट्रपति सी जिनपिङ भेटेर ओली आफ्ना कुराहरु राख्न चाहन्छन् । उच्च स्रोतका अनुसार चिनियाँ राष्ट्रपति सीको समय मिल्न ढिलाइ भएका कारण ओलीले भ्रमण मिति पक्का गर्न ढिलाइ गरेका हुन् ।

यसअघि प्रधानमन्त्री छँदा चीन गएका ओलीले सीसँग ग्रेट हल अफ् द पिपलमा दुर्लभ रुपमा प्राप्त हुने एक्लाएक्लै वार्ता, अनि तोकिएको समयभन्दा आधा घन्टा बढ्ता संवाद गर्ने अवसर पाएका थिए । सीले पनि ओलीलाई बोलेको कुरा पुर्‍याएर छाड्ने विश्वसनीय नेताका रुपमा व्यवहार गरेको त्यो भेटका सहभागीहरु बताउँछन् । ओलीले चीनसँग बीआरआई अन्तर्गतका आयोजनाहरुको प्रगति, थप सम्झौता, ऋणमा बन्ने परियोजनालाई अनुदानमा बदल्न कसरत गर्ने बताइएको छ । चिनियाँ पक्षाले भने ट्रान्स हिमालयन मल्टिडाइमेन्सनल कनेक्टिभिटी अन्तर्गतका कार्यक्रममा ढिलाइ भएको भन्दै असन्तोष जनाइरहेको छ ।

'कांग्रेससँग साझेदारीमा रहेको यथार्थ स्वीकार गर्दै ओलीले यसपल्ट चीनसँग कुनै नयाँ ब्रेकथ्रु गर्ने सम्भावना भने नरहेको सत्तापक्ष बताउँछ । कुटनीतिक जेस्चर त उहाँले मज्जाले देखाउनुहुन्छ, त्यो पक्का छ', सत्तारुढ दलका नेताले भने, 'तर कुनै अर्को देशलाई देखाएर प्रतिक्रियात्मक हुने अवस्था उत्पन्न होला भन्ने लाग्दैन ।'

*(स्रोत: अनलाइनखबर)*

# 'ह्रस्व दीर्घ'को ट्रेलर रिलिज, हरिहरको रोमान्टिक र एक्सन अवतार

काठमाडौं/नेपाली र दक्षिण भारतीय कलाकारलाई लिएर निर्माण गरिएको फिल्म 'ह्रस्व दीर्घ' यही कात्तिक ३० गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । 'स्टारकास्ट'का कारण चर्चामा रहेको फिल्मको दशैंमा रिलिज टिजरले राम्रो 'हाइप' बनाएको छ । अब फिल्म रिलिजका लागि ९ दिन बाँकी रहँदा बुधबार ट्रेलर सार्वजनिक गरिएको छ । काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ट्रेलरमा प्रेम, रोमान्स, एक्सन, विछोड र कमेडीको समिश्रण छ ।



अभिनेता हरिहर अधिकारी र अभिनेत्री नीता ढुंगानाको प्रेम सम्बन्धमा आउने उतार-चढाव नै फिल्मको कथावस्तु हो । देवधाममा राज गरेका बसेका महामन्थ (प्रदीप रावत)की छोरी नारायणी (नीता)सँग हरि (हरिहर)को प्रेम अंकुराएको छ । तर, हरिहरको गरिमा शर्मासँग पनि प्रेम बसेको खुलेपछि उत्पन्न परिस्थितिलाई ट्रेलरमा चित्रण गरिएको छ । हरिहर रोमान्टिक र एक्सन अवतारमा प्रस्तुत छन् । कमर्शियल शैलीमा तयार पारिएको ट्रेलरमा मेकिङ क्वालिटी उच्च देखिन्छ ।

अभिनेत्री विपना थापाले हरिहरकी आमाको भूमिका निभाएकी छन् । साउथ अभिनेता ब्रह्मानन्दम नीताको मामाको भूमिकामा देखिएका छन् भने 'पुष्पा' भिलेन सुनिल बर्मा नकारात्मक भूमिकामा प्रस्तुत छन् । साउथका कलाकारहरु अली, कबीर दुहन सिंहसहित नेपाली कलाकारहरु सरोज खनाल, रेखा थापा, सञ्चिता लुइँटेल, प्रशान्त ताम्राकार, किरण केसी, रविन्द्र झा, आदर्श मिश्र लगायतलाई पनि ट्रेलरमा स्थान दिइएको छ ।

नीता यो फिल्मकी निर्मात्री समेत हुन् । पहिलोपटक उनले फिल्म निर्माणको अनुभव लिएकी हुन् । ट्रेलर रिलिज कार्यक्रममा उनले फिल्ममा ६ करोड नेपाली खर्च भएको जानकारी दिइन् । सोचेको कुरा पूरा गर्न लडेर अगाडि बढ्यो भने सकिन्छ भन्ने अनुभव आफूले 'ह्रस्व दीर्घ' बनाउँदा गरेको उनको भनाई छ । भारतमा पनि फिल्म रिलिजको तयारी भइरहेको उनी बताउँछिन् ।

फिल्मको टिजर रिलिजपछि सामाजिक सञ्जालमा केहीले साउथ फिल्म 'मगधीरा'बाट कपी गरिएको आरोप समेत लगाएका छन् । तर, निर्देशक चन्द्र पन्त कुनै फिल्मबाट एउटा 'सट' पनि कपी नगरिएको दाबी गर्छन् । भन्छन्, 'हामीले कुनै विदेशी फिल्मको एउटा 'सट' पनि कपी गरेका छैनौं । यो नितान्त फ्रेस र नयाँ फिल्म हो । हामीले नयाँ दुनियाँ देखाउन खोजेका छौं ।'

हरिहर अधिकारीको कथा, प्रतिक पौडेल, निर्देशक पन्त र हरिहरको पटकथा तथा संवाद रहेको फिल्मलाई बलिउड छायाँकार कवीरलालले खिचेका हुन् । उनले 'वेलकम ब्याक', 'परदेश', 'दिल आपके पास है' जस्ता हिन्दी फिल्म खिचेका छन् । नीता फिल्मस्को प्रस्तुतिमा निर्माण भएको 'ह्रस्व दीर्घ'को कार्यकारी निर्मातामा धनन्जय गलानी छन् ।

# नेपाली फिल्मलाई फलिफाप बनेको दशैं र तिहार

काठमाडौं/नेपाली फिल्मका लागि दशैं र तिहार उत्सवझैं बनिरहेको छ । लामो विदा र 'फेस्टिभ मुड' हुने भएकाले यी दुई ठूला चाडमा नेपाली फिल्मप्रति दर्शकको आकर्षण अद्भूत देखिन्छ । यसपालिको दशैं र तिहारमा देखिएको माहोल यसको प्रमाण हो । यसपटक यी दुई चाडमा नेपाली फिल्मले इतिहासमै सर्वाधिक कमाई गरेका छन् । लगभग ५० करोडको व्यापार दशैं र तिहारमा भएको छ ।




दशैंको घटस्थापनामा आएको फिल्म 'बेहुली फ्रम मेघौली'ले एक साता बक्स अफिसमा उत्साहजनक व्यापार गरेको थियो । तर, फूलपातीमा '१२ गाउँ', 'छक्का पञ्जा ५' र 'ज्वाइँ साब' आएपछि फिल्मले दोस्रो साता अपेक्षित शो पाउन सकेन । यसपछि निर्माताले तेस्रो हप्ता नपुग्दै फिल्मलाई हलबाट उतार्ने निर्णय लिए । यद्यपि, हलमा चल्दासम्म फिल्मले करिब ३ करोडको व्यापार गरिसकेको थियो । यो अंकलाई उत्साहप्रद नै मान्न सकिन्छ ।

फूलपातीका तीन फिल्म मध्ये '१२ गाउँ' र 'छक्का पञ्जा ५'ले त बक्स अफिसमा सुनामी नै ल्याए । व्यापारमा टक्करको अवस्था देखियो । दशैं विदाभरि 'छक्का पञ्जा ५' व्यापारमा अगाडि देखिए पनि दशैंपछि '१२ गाउँ'ले शो र व्यापार दुवैमा उछिन्यो । यी दुई फिल्मले मात्र लगभग ४० करोड कमाएका छन् । अझै पनि हलमा दुवै फिल्मको पकड कायम छ । 'ज्वाइँ साब'ले पनि ३ करोडमाथि कमाएको निर्माताको दाबी छ । यसरी हेर्दा दशैं नेपाली फिल्मका लागि फलिफाप नै बन्यो ।

'१२ गाउँ' र 'छक्का पञ्जा ५'को व्यापारिक रफ्तार कम नहुँदै तिहारको लक्ष्मीपूजा (कात्तिक १५ गते)बाट फिल्म 'पूर्ण बहादुरको सारङ्गी' प्रदर्शनमा आयो । त्यसको भोलिपल्ट बलिउडका दुई ठूला सिक्वेल फिल्म 'सिंघम अगेन' र 'भूल भूलैयाँ ३' रिलिज भए । तर, तिहारमा पनि दर्शकको रोजाईमा नेपाली फिल्म नै पर्‍यो । प्रदर्शनको दुई दिन कमजोर देखिएको 'पूर्ण बहादुरको सारङ्गी'ले शनिबारदेखि सुनामी व्यापार गरिरहेको छ ।

यतिबेला यो फिल्मप्रति दर्शकको क्रेज अभूतपूर्व देखिएको छ । हलहरुले बिहान ६ बजेदेखि साँझ ११ बजेसम्म शो खुलाउँदा पनि टिकट पाउन सक्ने अवस्था छैन । प्रदर्शनको दिन शो बाँडफाँटमा चेपुवामा परेको फिल्मले यतिबेला कुल शोको ५० प्रतिशत 'होल्ड' गरेर बसेको छ । यसले '१२ गाउँ' र 'छक्का पञ्जा ५'को तिहार कब्जा गर्ने उद्देश्य चकनाचुर मात्र बनाएन, ठूलो 'थ्रेट' मानिएको तिहारका दुई बलिउड फिल्म 'सिंघम अगेन' र 'भूल भूलैयाँ ३'को व्यापार समेत प्रभावित बनाएको छ ।

यस वर्षको 'सुपरहिट' बनिसकेको यो फिल्मले प्रदर्शनको ६ दिनमा ६ करोडमाथि व्यापार गरेको जानकारी प्राप्त छ । फिल्मको व्यापारिक गति आक्रामक देखिएकाले छठ विदाभित्र १० करोडको आँकडा कटाउन सक्ने देखिन्छ । दशैंपछि तिहारमा नेपाली फिल्मले गरेको व्यापार र दर्शकको क्रेज इतिहासमै सम्झनलायक क्षण बनेको छ ।

त्यसो त अघिल्ला दशैं र तिहारमा पनि नेपाली फिल्मले राम्रो कमाएका थिए । गत वर्षको दशैंमा दुई फिल्म 'परदेशी २' र 'भष्मे डन' सुपरहिट भए । तिहारमा 'दिमाग खराब' पनि राम्रो चल्यो । तर, यसपालिको दशैं र तिहारमा जस्तो माहोल यसअघि देखिएको थिएन । यसले नेपाली फिल्मप्रति दर्शकको बढ्दो विश्वास दर्शाउँछ । अब यसलाई बचाएर राख्नुपर्ने ठूलो चुनौती देखिन्छ ।

# भारतको अनुमति नआएपछि बंगलादेश विद्युत् निर्यात अनिश्चित

काठमाडौं/भारतको केन्द्रीय विद्युत् नियमन आयोग (सीईआरसी) बाट अनुमति नपाएपछि नेपालबाट बंगलादेश विद्युत् निर्यात गर्ने योजना अनिश्चित बनेको छ ।

नेपालबाट भारतको बाटो हुँदै ४० मेगावाट विद्युत् बंगलादेश निर्यात गर्ने विषयमा तीन देशका कम्पनीहरूबीच गत १७ असोजमा सम्झौता भएको थियो । विद्युत् निर्यातका लागि भारतको केन्द्रीय विद्युत् नियमन आयोग (सीईआरसी) को अनुमति आवश्यक पर्ने सम्झौतामा नै उल्लेख छ ।

सुरुमा १६ कात्तिकदेखि विद्युत् निर्यात गर्ने मौखिक सहमति तीन देशका कम्पनीहरूबीच भएको थियो । त्यसबेलासम्म सीईआरसीको अनुमति प्राप्त नभएपछि त्यसलाई सारेर २३ कात्तिक (शुक्रबार) देखि निर्यात सुरु गर्ने योजना बन्यो । तर, अहिलेसम्म पनि भारतबाट अनुमति नआएका कारण शुक्रबारदेखि पनि विद्युत् निर्यात नहुने नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता चन्दन घोषले संचारकर्मीलाई जानकारी दिए ।

'हामीले भारतीय समकक्षी कम्पनी एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेड (एनभीभीएन) सँग निर्यात अनुमति आए-नआएको बारे सोधिरहेका छौं, तर उसले अनुमति प्राप्त नभएको जानकारी दिएको छ,' प्रवक्ता घोषले भने ।

तीन देशबीच भएको सम्झौताअनुसार नेपालले १५ जुनदेखि १५ नोभेम्बरसम्म ४० मेगावाट विद्युत बंगलादेश निर्यात गर्नेछ । तर, १५ नोभेम्बर आउन अब एक सातामात्रै बाँकी छ । 'यो वर्ष एक साता मात्रै भए पनि विद्युत् निर्यात सुरु गर्ने योजना थियो, तर हुन्छ कि हुँदैन भन्न सकिने अवस्था छैन,' उनले भने ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दिपक खड्काले आफ्नो भारत भ्रमणका क्रममा बंगलादेश विद्युत् निर्यातको अनुमति दिने विषयमा भारतीय विद्युतमन्त्री मनोहर लाल खट्टरसँग छलफल गरेको भारतका लागि नेपालका कार्यबाहक राजदूत डा. सुरेन्द्र थापाले जानकारी दिए । त्यसक्रममा १५ नोभेम्बर भित्र नेपालबाट बंगलादेश विद्युत् निर्यातको अनुमति प्राप्त हुने आश्वासन प्राप्त भएको उनले बताए ।

'त्यस विषयमा भारतीय पक्ष पनि निकै सकारात्मक रहेको पाएका छौं, एक दुई दिनमा अनुमति प्राप्त होला,' कार्यबाहक राजदूत डा. थापाले बताए । अहिलेसम्म नेपालले भारतको बजारमा मात्रै विद्युत् निर्यात गरिरहेकोमा १७ असोजमा भएको सम्झौतापछि तेस्रो मुलुक निर्यातको पनि बाटो खुलेको थियो ।

नेपाल विद्युत् प्राधिकरणले प्रतियुनिट करिब ८ रुपैयाँ ६४ पैसा प्रतियुनिट (६.४ अमेरिकी सेन्ट) का दरले बंगलादेशलाई विद्युत् निर्यात गर्ने सो सम्झौतामा उल्लेख छ । बंगलादेश विद्युत् निर्यात गर्दा भारतको एनभीभीएनको प्रसारण लाइन प्रयोग गरेबापतको 'ह्विलिङ चार्ज' बंगलादेशी कम्पनीले तिर्नेछ ।

नेपालबाट निर्यात हुने विद्युतका लागि भारतको मुजफ्फरपुरमा मिटर राखिने र त्यसैमा बंगलादेशमा निर्यात भएको विद्युत्को रेकर्ड हुने पनि सम्झौतामा लेखिएको छ । त्यहाँसम्मको प्राविधिक नोक्सानी भने प्राधिकरणले नै बेहोर्नेछ । मुजफ्फरपुरबाट बंगलादेशको सीमाको प्राविधिक नोक्सानी पनि बंगलादेशी पक्षले नै तिर्ने सम्झौतामा उल्लेख छ ।

# दलालको 'फन्दा'मा परेर जापान पुगेपछि मन्त्री पद चट्

विराटनगर/कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री लिलाबल्लभ अधिकारीले राजीनामा दिएका छन् । आफ्नो जापान भ्रमण विवादमा परेपछि उनले बुधबार मुख्यमन्त्रीलाई राजीनामा पत्र बुझाएका हुन् ।

'मेरो निजी जापान भ्रमणको विषयलाई लिएर केही टीकाटिप्पणी बाहिर आयो', अहिले राजनीतिमा नैतिक खडेरी रहेको भन्दै अधिकारीले भने, 'यस्ता टीकाटिप्पणी सुनिसकेपछि पदमा बसिरहन उचित लागेन ।' एमालेबाट निर्वाचित अधिकारी ४ जेठ २०८१ मा आन्तरिक मामिलामन्त्री भएका थिए । उनले ११ कात्तिकदेखि १५ कात्तिकसम्म जापान भ्रमण गरेका थिए । जापान भ्रमणका विषयमा मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई मौखिक जानकारी गराए पनि मन्त्रिपरिषद् बैठकबाट स्वीकृत भएको थिएन ।

आफ्नै क्षेत्रका कार्यकर्ताको विश्वास गरेर हिँडेका उनी हङकङ पुगेपछि फस्किए । हङकङमा ट्रान्जिटको बेला उनीसँगै कार्यक्रममा सहभागी हुन हिँडेको भन्दै तीन जना नेपाली भेट्न आए । यसलाई लिएर सार्वजनिक रुपमा प्रश्न उठेपछि मुख्यमन्त्री कार्कीले मंगलबार सोधीखोजी गरेका थिए । बुधबार बोलाएर छलफल गरे ।

त्यसक्रममा मन्त्री अधिकारीले दलालको फन्दामा परेको स्वीकार गरेपछि मार्गप्रशस्त गर्न निर्देशन दिएका थिए । लगत्तै उनले राजीनामा दिएका हुन् । हङकङमा तीन जना भेटेपछि फस्किए

अधिकारीलाई जापानको टोकियो महानगरपालिकाको कार्यक्रममा सहभागी हुनका लागि निम्तो आएको थियो । उनलाई पठाइएको निम्तोमा अक्टोबर २९ देखि नोभेम्बर ३ सम्म कार्यक्रमको तालिका थियो । उनलाई जापान जाने व्यवस्थापन मोरङ घर भई काठमाडौं बस्दै आएका एक एमाले कार्यकर्ताले मिलाएका थिए ।

अधिकारीका अनुसार २५ अक्टोबरमा भिसा लाग्यो । उनी २७ अक्टोबरमा जापानका लागि उडे । टोकियोको कार्यक्रममा मन्त्रीको हैसियतमा एक्लै जाने र सम्पूर्ण खर्च आयोजकले ब्यहोर्ने जानकारी व्यवस्थापकले गराएका थिए । आफ्नै क्षेत्रका कार्यकर्ताको विश्वास गरेर हिँडेका उनी हङकङ पुगेपछि फस्किए । हङकङमा ट्रान्जिटको बेला उनीसँगै कार्यक्रममा सहभागी हुन हिँडेको भन्दै तीन जना नेपाली भेट्न आए । *(स्रोत: अनलाइनखबर)*

# 'कल्ली'बाट फिल्ममा कमब्याक गर्दै उत्तम प्रधान

काठमाडौं/कुनै बेला नेपाली फिल्ममा आफ्नो सशक्त उपस्थिति जनाएका अभिनेता उत्तम प्रधान विगत एक दशकदेखि अभिनयमा सक्रिय छैनन् । उनले पछिल्लो पटक मुख्य भूमिकामा काम गरेको फिल्म 'इशारा' (२०१२) थियो । यसपछि उनी 'दर्पण छायाँ २'मा अतिथि भूमिकामा देखिए । दशैंअघि एक म्यूजिक भिडियोमा काम गरेका उत्तम अब फिल्ममा फर्किने भएका छन् ।

निर्माणको तयारीमा रहेको फिल्म 'कल्ली'बाट उनको कमब्याक निश्चित भएको हो । यसै साता निर्माता किरण नेपाली र लेखक तथा निर्देशक लक्ष्मण सुनारले भारतको सिक्किम पुगेर उनीसँग कागजी सम्झौता गरेका हुन् । प्रधानले लामो समयपछि फिल्ममा काम गर्न आफू उत्साहित रहेको प्रतिक्रिया दिएका छन् । फिल्ममा उनको भूमिकाको बारेमा भने जानकारी गराइएको छैन ।

'कल्ली'मा उत्तम भित्रिएसँगै कलाकारको 'लाइनअप' बलियो बनेको छ । यसमा यसअघि सौगात मल्ल, अर्पण थापा, बुद्धि तामाङ, कमलमणि नेपाल निश्चित भइसकेका छन् । अभिनेत्रीको भने टुंगो लाग्न बाँकी छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# बागमतीका तीन जिल्लामा फैलियो जापानिज इन्सेफ्लाइटिस



साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ बागमती प्रदेशका तीन जिल्लासहित देशभरका ३० जिल्लामा जापानिज इन्सेफलाइटिस (जेई) को प्रकोप बढ्दै गएको छ । परिवार कल्याण महाशाखाको अनुसार यसवर्ष जेई संक्रमणले १५ जिल्लाका २३ जनाको मृत्यु भएको छ ।

जापानिज इन्सेफलाइटिस (जेई) को प्रकोप बागमती प्रदेशको काठमाडौं, चितवन र सिन्धुलीमा बढेको हो । यस प्रकोपका कारण काठमाडौं, सिन्धुली र चितवनमा एक-एक जना बिरामीको मृत्यु भएको छ । देशभर ३० जिल्लामा फैलिँदा ८० जना संक्रमित फेला परेका छन् । ९१५ शंकास्पद बिरामीको नमुना परीक्षण गरेको महाशाखाले जनाएको छ । यो परीक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट मात्रै हुँदै आएको छ ।

महाशाखाका अनुसार, संक्रमितमध्ये २८.७५ प्रतिशतको मृत्यु भएको छ । संक्रमितमा अधिकांश १५ वर्षमुनिका बालबालिका रहेको खोप शाखाका प्रमुख डा. अभियान गौतमले बताए । जापानिज इन्सेफ्लाइटिसबाट सबैभन्दा बढी प्रभावित जिल्ला कैलालीमा ३ जना संक्रममितको मृत्यु भइसकेको छ । कपिलवस्तु, रौतहट, सिरहा, सुनसरी र झापामा दुई-दुई जनाको मृत्यु भएको छ । काठमाडौं, सिन्धुली र चितवनसहित रुपन्देही, पाल्पा, पर्सा, सर्लाही, नवलपरासी, धनुषामा एक-एक जनाको मृत्यु भएको छ ।

नेपालमा जापानिज इन्सेफ्लाइटिसको मृत्युदर बढेर २८ प्रतिशत पुगेको छ । खोप अभियानले रोग नियन्त्रणमा रहेको भनिए पनि पछिल्लो समय मृत्युदर बढ्दा स्वास्थ्यविज्ञहरु चिन्तित छन् । गतवर्षको तुलनामा यसवर्ष मृत्यु संख्या बढेको छ । सन् २०२३ मा नेपालमा १०७ वटा संक्रमण पुष्टि हुँदा ७ जनाको मृत्यु भएको थियो । त्यसैगरी, २०२२ मा ६६, २०२१ मा २८, २०२० मा २२ जनामा संक्रमण पुष्टि भएको थियो ।

## ४ महिनामा गौतमबुद्ध क्रिकेट रंगशालाको ११ प्रतिशत काम

चितवन, २१ कात्तिक/ चितवनको भरतपुरस्थित गौतमवुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा निर्माण सम्झौता भएको ४ महिनामा ११ प्रतिशत काम सकिएको छ । झण्डै ३ बर्षसम्म रोकिएको रंगशालाको काम अगाडि बढाउन हिमालयन कालीञ्चोक बीबीआर जेभीसँग गत असार २३ गते सम्झौता भएको थियो ।

साउनको तेस्रो हप्ताबाट निर्माण थालेकामा हालसम्म ११ प्रतिशत काम सकेको निर्माण कम्पनीका साइट इन्चार्ज विजय ढकालले जानकारी दिए । उनका अनुसार रंगशालाको भीआईपी प्यारापिट टावर बनाउने काम सुरु गरिएको छ । साढे दुई तलाको हुने दुईवटा भीआईपी टावरको जमिन ढलान तथा पिलर उठाउने काम सकिएको छ ।

दशैं र तिहारका बेला पनि थोरै जनशक्ति राखेर काम गरिरहेको उनले बताए । छठमा धेरै जसो कामदारहरु घर गएकाले काम सुस्त छ । छठलगत्तै दुई सिफ्टमा काम गरेर दुई प्यारापिटमा अलग अलग काम हुने ढकालले जानकारी दिए । ‘साउनको तेस्रो हप्ताबाट मात्रै भौतिक पूर्वाधारको काम थालिएको हो, बीचमा बर्खाले पनि डिस्टर्ब गर्‍यो, त्यसपछि चाडबाडहरु आए’, उनले भने, ‘अब छठ पछि कामले गति लिन्छ ।’

ठेक्का सम्झौतापछि प्यारापिटतर्फको चार वटा स्ट्याण्डमा सोलिङ गरेर पीसीसी ढलान सकिएको छ । अब प्यारापिटका कामहरूसँगै मैदानको समेत काम अगाडि बढ्ने उनले जानकारी दिए । पुल्चोक इन्जिनियर कलेजका प्राविधिकहरूले बनेर अलपत्र बनेका पिलर तथा रडहरुको परीक्षण हालै सकेका छन् । अब प्यारापिट थप गर्दा रडमा लागेको खियाको उपचार गरेर मात्रै थप रडहरु जडान गरिने ढकालले बताए । नयाँ ठेक्कामा भीआईपी टावर पूरा गर्ने, मैदान र प्यारापिटको समेत काम गर्ने उल्लेख छ । दुई वटा भीआईपी टावरमा भीआईपी पाहुनासहित प्लेयर बक्स, अफिसियल बक्स, कर्पोरेट बक्सहरु रहनेछन् ।

भरतपुर महानगर पालिका-१५ रामपुरमा बन्न लागेको रंगशालामा १५ हजार दर्शक अट्ने प्यारापिटसहित ५ वटा पिच बनाइँदैछ । महानगरका इन्जिनियर (उपनिर्देशक) सन्तोष आचार्यका अनुसार थप १० हजार क्षमताको प्यारापिटसहित मैदान हिमालयन कालिञ्चोक बीबीआर जेभीले तयार गर्नेछ । सुरुमा रंगशाला निर्माण थालेको धुर्मस सुन्तली फाउण्डेसनले ५ हजार जना अट्ने प्यारापिट तयार गरिसकेको छ । प्यारापिटका लागि २८६ पिलर उभ्याइएको छ ।

# अफिम कारोबार ठहर गर्दै दुईजनालाई १५-१५ वर्ष कैद

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ मकवानपुर जिल्ला अदालतले प्रतिबन्धित लागूऔषध अफिम कारोबार गरेको ठहर गर्दै दुई अभियुक्तलाई जनही १५ वर्ष कैद गर्ने फैसला सुनाएको छ ।

जिल्ला न्यायाधीश अवनी मैनाली भट्टराईको बुधबार बसेको इजलासले थाहा नगरपालिका-८ काभ्रेका ५४ वर्षीय तेजबहादुर थिङ र थाहा नगरपालिका-११ टिस्टुङका ४३ वर्षीय शरण थिङलाई अफिम कारोबार गरेको ठहर गर्दै यस्तो फैसला गरेको हो । अदालतले दुई अभियुक्तलाई जनही ५ लाख रुपैयाँ जरिवाना गर्ने आदेश गरेको छ ।

थिङद्वयलाई प्रहरीले २०८० चैत १० गते हेटौंडा उपमहानगरपालिका-१० दिलखुश खाजाघरबाट २ केजी अफिमसहित पक्राउ गरेको थियो । अदालतले दोषी ठहर गरेका दुवैजना अहिले सात महिनादेखि क्षेत्रीय कारागार भीमफेदीमा पुर्पक्ष थुनामा छन् ।

हिन्दु धर्मावलम्वीहरुको महान पर्व छठ पर्व-२०८१ को पावन अवसरमा समस्त नगरवासी भक्तजनहरुमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
यस पावन अवसरमा पाल्नुभई पूजा समारोहको गरिमा बढाईदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।
कार्यक्रम:
स्थान: राप्ती तट, हेटौंडा-१
मिति: २०८१/०७/२२ र २३ गते
आयोजक:
संयुक्त मधेसी सेवा समाज नेपाल

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

# थाहामा कार्तिक अन्तिमबाट राष्ट्रपति रनिङशिल्ड र मेयरकप भलिबल

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ थाहा नगरस्तरीय राष्ट्रपति र निङशिल्ड र मेयर कप भलिबल प्रतियोगिता २९ कार्तिकबाट सुरु हुने भएको छ ।

थाहा नगरपालिका खेलकुद विकास समितिको ४ कार्तिकमा सम्पन्न बैठकको निर्णयअनुसार थाहानगरको इन्द्रायणीचौरमा प्रतियोगिता सञ्चालन हुने थाहा नगरपालिका शिक्षा शाखाप्रमुख माधवविक्रम मल्लले जानकारी दिएका छन् ।

प्रतियोगिता कार्तिक २९, ३० र मंसिर १ गते गरी ३ दिन सञ्चालन हुने शाखाप्रमुख मल्लले जानकारी दिए । थाहा नगरस्तरीय यो प्रतियोगिता सातौं संस्करण हो । प्रतियोगितामा राष्ट्रपति रनिङशिल्ड अन्तर्गतका विभिन्न खेल र मेयर कप भलिबल प्रतियोगिता तथा विद्यालयको मार्चपास समेत हुनेछ । प्रतियोगितामा भाग लिनका लागि थाहा नगरपालिका शिक्षा शाखाले विद्यालयलाई अनुरोध गरेको छ ।

# बागमतीको उपचुनावमा कांग्रेसबाट महालक्ष्मी ‘डीना’ कमान्डर



साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ नेपाली कांग्रेसले आगामी मंसिर १६ मा स्थानीय तहको उपनिर्वाचनमा बागमती प्रदेशको चुनावी कमान्डर पार्टी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनालाई बनाएको छ ।

कांग्रेसले पार्टीको उम्मेदवारलाई विजयी बनाउन प्रदेश, जिल्ला र स्थानीय कार्यसमितिसँग आवश्यक समन्वय र सहजीकरण गर्न नेताहरुलाई जिम्मेवारी निर्धारण गरेको छ । महामन्त्री विश्वप्रकाश शर्माको अध्यक्षतामा बुधवार ‘स्थानीय तह उपनिर्वाचन २०८१ केन्द्रीय संयोजन समिति’ को बैठकले नेताहरुको जिम्मेवारी निर्धारण गर्ने निर्णय गरेको हो ।

बैठकले उपनिर्वाचनमा पार्टीका उम्मेदवारलाई बिजयी गराउन सम्पूर्ण एकता, सालिनता र सक्रियताका साथ अघि बढ्ने निर्णय गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले बताए । बैठकमा महालक्ष्मी डीना, जीवन परियार, डा. प्रकाशशरण महत, पुष्पा भुषाल, मीन विश्वकर्मा र मधु आचार्यले आफ्नो धारणा राखेका थिए ।

# लामिटारका राईको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ मकवानपुरको मनहरी- लामिटारमा बेहोस भएका एक युवकको मृत्यु भएको छ । लामिटारमा आफ्नै घरमा बेहोस भएका ४२ वर्षीय प्रकाश राईको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाले जनाएको छ ।

राई आफ्नै घरमा बेहोस भएर लडेको अवस्थामा उनकी श्रीमतीले देखेपछि तत्काल उपचारका लागि हेटौंडा अस्पताल ल्याइएकोमा साँझ साढे ६ बजे चिकित्सकले मृतघोषणा गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार राईको मृत्युको कारण खुलेको छैन ।

# सितोरियो करातेको मेयर कप खुल्ला प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ नेपाल सितोरियो कराते संघ जिल्ला कार्यसमिति मकवानपुरको आयोजनामा प्रथम जिल्ला स्तरीय मेयर कप खुल्ला कराते प्रतियोगिता हुने भएको छ ।

आगामी मंसिर १४ र १५ गते हेटौंडामा आयोजना हुन लागेको कराते प्रतियोगिताको बारेमा आयोजकले बुधबार पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिएको हो । ‘नेपाल सितोरियो कराते संघ जिल्ला कार्यसमितिको आयोजनामा मकवानपुर जिल्लामा प्रथम जिल्लास्तरीय मेयर कप खुल्ला कराते प्रतियोगिता आयोजना गर्न लागेका छौं ।’ संघका अध्यक्ष दीपकबहादुर लामाले भने ।

तौल समूहअन्तर्गत पुरुषतर्फ २५, ३०, ३५, ४२, ४७, ५२, ५७, ६२, ६७ केजी र महिलातर्फ २५, ३०, ३५, ४०, ४५, ५०, ५५ र ६० केजी तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् । मकवानपुरमा रहेका १५ वटा डोजोका ३ सय १५ जना खेलाडीले विभिन्न तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् । जसमा एक डोजोबाट कुमिते पुरुष ९ जना, कुमिते महिला ८ जना, काता महिला र पुरुष २ जना, टिम कोच र मेनेजर गरी २ जना गरी २१ जनाले सहभागिता जनाउने अध्यक्ष लामाले बताए । आगामी वर्ष पनि प्रतियोगितालाई निरन्तरता दिनेमा उनले प्रतिबद्धता व्यक्त गरे ।

आयोजकले प्रत्येक खेलाडीलाई खाना र बस्नको व्यवस्था मिलाएको जनाएको छ । प्रतियोगिताको लागि लाइसेन्स होल्डर स्थानीय १० जना र बाहिरका २० जना गरी ३० जना रेफ्रीले निर्णायकको भूमिका निर्वाह गर्ने उनले जानकारी दिए । प्रतियोगितामा स्वर्ण, रजत र कास्य जित्ने खेलाडीलाई मेडल र प्रमाणपत्र प्रदान गरिने छ भने उत्कृष्ट खेलाडीलाई नगदको व्यवस्था गरेको आयोजकले जनाएको छ । प्रतियोगिताको लागि हेटौंडा उपमहानगरपालिकाले २ लाख रुपैयाँ सहयोग गर्नेछ भने बुद्ध स्नोकर हाउस हेटौंडा-४ र एस वान स्नोकर क्लब हेटौंडा-१० प्रायोजक रहेको छ ।

# मनहरी कप फुटबलको खेलतालिका सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ चैनपुर जेसीज मनहरीको आयोजनामा हुन लागेको दोस्रो संस्करणको चैनपुर जेसीज मनहरी कप खुला फुटबलको खेलतालिका सार्वजनिक भएको छ ।

यही कात्तिक २३ गतेबाट मनहरी ४ मसिनेस्थित पशुपतिनाथ माविको स्वामित्वमा रहेको गोलघर खेलमैदानमा हुने प्रतियोगिताको खेलतालिका आयोजकले बुधबार सार्वजनिक गरेको हो । प्रतियोगितामा १६ टिमले सहभागिता जनाएको जेसीजका अध्यक्ष रविन ढकालले जानकारी दिए ।

आयोजकले सार्वजनिक गरेको खेलतालिकाअनुसार समूह ‘क’ मा मनहरी-४, एफसी नमोबुद्ध, सक्षम युथ क्लव, एफसी ढिंडो, कमाने एफए, जेसीआई मकवानपुर गढी, पदमपोखरी युनाईटेड एफसी, आरआरएफसी रहेका छन् । त्यसैगरी समूह ‘ख’ मा हाँडीखोला युथ क्लव, जनसिद्ध युवा क्लव, एफसी परेली, टिएनटि मनहरी, नारायणी कलेज, मनहरी-२, मनहरी-५, ऋषेश्वरी युथ क्लव रहेका छन् । प्रतियोगिताको उद्घाटनखेलमा मनहरी-४ विरुद्ध एफसी नमोबुद्ध भिड्ने भएका छन् ।

मनहरी गाउँपालिका-४ नम्बर वडा कार्यालयको मुख्य प्रायोजनमा हुन लागेको प्रतियोगिताको विजेताले १ लाख १ हजार १११ रुपैयाँ र उपविजेताले ५१ हजार १५१ रुपैयाँ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ७ हजार ५ सय रुपैयाँ तथा अन्य विधागत उत्कृष्टले जनही नगद ३ हजार ५ सय रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगिताका लागि करिब ५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको महासचिव श्रीकृष्ण ढकालले बताए । अघिल्लो वर्ष भएको पहिलो संस्करणको उपाधि बागमती प्रदेश प्रहरी गण हेटौंडाले जितेको थियो ।

## वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस संस्थाको २२ औं वार्षिक साधारणसभा तथा निर्वाचन निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त गरिमामय सभामा अनिवार्य उपस्थितिको लागि सम्पूर्ण सदस्यज्यूहरुमा हार्दिक निमन्त्रणा गर्दछौं ।

**साधारणसभा हुने:**
मिति: २०८१ मंसिर १ गते शनिबार
समय: विहान ९:०० बजे
स्थान: होटल लिडो इन, हेटौंडा-१०, मेनरोड

**नेपाल अर्बुद रोग निवारण संस्था**
जिल्ला शाखा मकवानपुर

## बार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.को २५ औं बार्षिक साधारणसभा देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गर्नका लागि निम्न मिति, स्थान र समयमा हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**प्रस्तावहरू :**

१. अध्यक्षको संस्थागत प्रतिवेदन ।
२. कोषाध्यक्षबाट आर्थिक प्रतिवेदन प्रस्तुत तथा आ.व २०८१/०८२को योजना तथा बजेट छलफल तथा पारित सम्बन्धमा ।
३. आ.व २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत सन्बन्धमा ।
५. ऋण उपसमितिबाट प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
६. नीति तथा कार्यविधीहरु पारित सम्बन्धमा ।
७. आ.व.२०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
८. कोष वितरण सम्बन्धमा ।
९. विनियम संशोधन सम्बन्धमा ।
१०. समिति उपसमिति बैठक भत्ता सम्बन्धमा ।
११. साधारण सभाको निर्णय पुस्तिका प्रमाणितको लागी प्रतिनिधि चयन सम्बन्धमा ।
१२. विविध

**कार्यक्रम हुने**
**मिति** : २०८१ मंसिर १ शनिवार
**समय** : बिहान ११:०० बजदेखि
**स्थान** : रोयल पार्टी प्यालेस(अहल), हेटौंडा-४

*(नोट : साधारण सभामा शेयर सदस्य स्वयम उपस्थित भएमा र ५० कित्ता भन्दामाथि शेयर भएमा मात्र साधारण सभाको यातायात भत्ता रु ६०० मा कर कट्टी गरी बचत खातामा जम्मा गरिनेछ ।)*

रविन ढकाल
सचिव
**ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर
फोन नं. ०५७-५२४३५६

**मकवानपुरगढी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
मक्राञ्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति: २०८१।०७।२२*

यस मकवानपुरगढी गाउँपालिकाले मिति २०८१/०६/०७ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका बोलपत्रहरु उपर मूल्याङ्कन प्रकृया कारबाही गर्दा न्यूनतम् मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही तपशिलका बोलपत्रहरु स्वीकृतका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ ७ (सात) दिनका लागि सम्बन्धित सबैमा यो सुचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नामर ठेगाना | कबोल अकं (मु.अ. कर र पि.एस. समेत) ने.रु. |
|---|---|---|---|---|
| 1. | 02/MGRM/NCB/ WORKS/2081/082 | Upgrading of Aal Dada Krishi Sadak Bata Sakha Sadak Bhai Khatiwoda/Chaulagain Tole Bhanda Para Samma Ko Sadak | M/S Parajuli Nirman Sewa Makawanpurgadhi–3, Makranchuli | 31,43,411.09 |
| 2. | 03/MGRM/NCB/ WORKS/2081/082 | Construction Of Bungdol–Deurali Sadak | M/S Vision Construction Hetauda–11, Makawanpur | 66,77,239.36 |
| 3. | 04/MGRM/NCB/ WORKS/2081/082 | Construction Of Kantilokpath–Gairibhanjyang–KurleSadak | M/S Alive Construction Hetauda–11, Makawanpur | 77,65,563.35 |
| 4. | 05/MGRM/NCB/ WORKS/2081/082 | Construction Of Shree Ranisera Secondary School | M/S Panchakanya Nirman Sewa Khadkabhanjyang, Nuwakot | 46,23,982.83 |
| 5. | 06/MGRM/NCB/ WORKS/2081/082 | Construction Of Sukaura–Budhichaur Sadak | M/S Parajuli Nirman Sewa Makawanpurgadhi–3, Makranchuli | 1,00,75,604.01 |

**प्रमुख प्रशासकीय अधिकृत**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना